# भैरबी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

## भैरबी गाउँपालिका अध्यक्ष श्री रीता कुमारी शाहीले भैरबी गाउँपालिकाको १९ औं गाउँसभामा प्रस्तुत गर्नुभएको आर्थिक बर्ष २०८३/०८४ को नीति तथा कार्यक्रम

भैरबी गाउँपालिका
भैरीकालिकाथुम, दैलेख

मिति : २०८३ असार १० बुधबार

भैरबी गाउँपालिकाको यस १९ औं गाउँ सभाका प्रमुख अतिथिज्यू, विशेष अतिथिज्यूहरु, सम्पूर्ण अतिथिज्यूहरु, गाउँपालिका स्थित राजनीतिक दलका प्रमुखज्यूहरु, गाउँपालिकाका उपाध्यक्षज्यू, सम्पूर्ण वडा अध्यज्युहरु, कार्यपालिका सदस्यज्यूहरु र गाउँसभाका सदस्यज्यूहरु, प्रमुख प्रशासकीय अधिकृतज्यू लगायत उपस्थित सम्पूर्ण कर्मचारीहरु र अन्य उपस्थित महानुभावहरु यस भैरबी गाउँपालिकाको १९औं गाउँ सभामा हाम्रो निमन्त्रणालाई स्वीकार गरी व्यस्तताका बाबजुत पनि उपस्थित हुनु भएकोमा हार्दिक स्वागत एवं अभिवादन गर्न चाहन्छु । आजको यस विशेष अवसरमा म देश र जनताका अधिकार, आत्मसम्मान, प्रतिष्ठा, गौरव, समृद्धि, शान्ति र विभिन्न पटक भएका संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना, लागि तथा पछिल्लो पटक २०८२ भाद्र २३ र २४ मा भएको जेन्जी आन्दोलनमा आफ्नो अमूल्य जीवन वलिदान गर्नु हुने सबै ज्ञात अज्ञात महान् शहिदहरु प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । साथै शारीरिक र मानसिक रुपमा अशक्त, घाइते तथा अपांग हुनु भएका महानुभावहरुको सिघ्र स्वास्थ्य लाभको कामना गर्दै उहांहरुको परिवार प्रति हार्दिक सम्मान प्रकट गर्दछु ।

**आदरणीय गाउँसभा सदस्यहरु,**

यस गरिमामय सभामा भैरबी गाउँपालिकाको आर्थिक बर्ष २०८३/०८४ को बार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा मैले आफुलाई गौरवान्वित महशुस गरेको छु । नेपाली जनताले सात दशक लामो संघर्ष एवं बलिदानबाट मुलुकले एक नयाँ संविधान पायो । जनताले जनताको लागि आफ्ना प्रतिनिधिमार्फत बनेको यो संविधान एक युगान्तकारी परिवर्तन हो ।नेपाल एक स्वतन्त्र सार्वभौमसत्ता सम्पन्न संघीय लोकतान्त्रिक गणतन्त्रात्मक समावेशी राज्य भएको र संविधानले परिकल्पना गरेको तीन तहको संघीय संरचना तथा संविधानले प्रत्याभुत गरेका एकल र साझा अधिकारको प्रयोग र अभ्यास गर्ने अभिभारा स्थानीय सरकारलाई दिएको छ । जनताको घरदैलोमा आफ्नो आवश्यकता, प्राथमिकता र संस्थागत क्षमतालाई स्थानीय तहको अनुकुलन हुनेगरी नीति तथा कार्यक्रम बनाई लागु गर्न भैरबी गाउँपालिका प्रतिबद्ध छ । बार्षिक नीति तथा कार्यक्रम तर्जुमाका क्रममा गाउँपालिकालाई आफ्नो अमूल्य सुझाव दिनु हुने सम्पूर्ण भैरबी गाउँपालिका निवासी आमा बुवा,दाजुभाई तथा दिदी बहिनीहरु लगायत सबै सरोकारवलाहरुलाई हार्दिक आभार सहित हामी सबैको तर्फबाट धन्यवाद व्यक्त गर्दछु ।

**शिक्षा, हरियाली विकास पर्यटन ,षिकृ ,स्वास्थ्य ,सहकारी, र पूर्वाधाररसमृद्ध भैरबीका आठ आधा :** को सोच सहित यस गाउँपालिकालाई सुन्दर समुन्नत गाउँपालिका निर्माण गर्ने हाम्रो संकल्प, समस्त गाउँपालिका बासीको आकांक्षा र हामीले निर्बाचनका क्रममा जनता प्रति अभिव्यक्त गरेका प्रतिज्ञाहरु पुरा गर्ने दिशामा हामीले आगामी आ.ब. २०८३।०८४ को नीति तथा कार्यक्रमलाई अभिमुख गरेका छौं ।साथै गत विगत बर्षहरुमा अवलम्बन गरिएका असल अभ्यास तथा नीतिलाइ आ.व. २०८३।०८४ मा निरन्तरता दिएका छौं ।

स्थानीय सरकारले आफ्नो पालिकाको समग्र विकास र सेवा प्रवाहको लागि नवीन र रुपान्तरणकारी योजना तथा कार्यक्रम संचालन गर्नु आजको आवश्यकता हो।नेपालको संविधान, संघ, प्रदेश तथा यस गाउँपालिकाको आवधिक योजना, मध्यकालिन खर्च संरचना, दिगो विकास लक्ष्यको मार्ग चित्र, नेपाल सरकार र प्रदेश सरकारको नीति तथा कार्यक्रम, गाउँपालिकाले कार्यान्वयनमा ल्याएका

कानुनी प्रावधान लगायत सम्पूर्ण सरोकारवाला पक्षहरुको सुझाव समेतका आधारमा समृद्ध भैरबी निर्माण गर्ने संकल्पका साथ आगामी आ.ब.२०८३।०८४ को नीति तथा कार्यक्रम तर्जुमा गरिएको छ ।

प्रगतिहरु

**आदरणीय गाउँसभा सदस्यहरु,**

संघीयताको मर्मलाई आत्मसात गरी गणतन्त्रका लाभलाई जनता सम्म पुर्याउन महत्वपूर्ण भूमिका निर्वाह गर्ने यस गाउँ पालिकाको दोस्रो कार्यकालको पाँचौं बर्ष तथा हाम्रो कार्यकालको अन्तिम वर्षमा छौं ।आगामी आर्थिक बर्ष २०८३/०८४ का लागि भैरबी गाउँपालिकाले क्षेत्रगत र विषयगत रुपमा तयार गरेको देहायबमोजिम नीति तथा कार्यक्रमहरु प्रस्तुत गदर्छु ।

## १. आर्थिक विकास

### क) कृषि विकास

- नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम कृषि प्रसार सेवा सञ्चालन गर्ने अधिकार स्थानीय तहमा निहित रहेको सन्दर्भमा कृषि तालिम, क्षमता विकास तथा प्रविधि हस्तान्तरण कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयन, दोहोरोपन नियन्त्रण, अभिलेखीकरण तथा दीर्घकालीन अनुगमन सुनिश्चित गर्न गाउँपालिकाभित्र सञ्चालन हुने सम्पूर्ण कृषि तालिम, कृषक क्षमता विकास, प्रविधि हस्तान्तरण, तथा अन्य कृषि प्रसार कार्यक्रमहरूको एकीकृत अभिलेख कृषि विकास शाखामा अद्यावधिक राखिने व्यवस्था गरिनेछ।
- भैरबी गाउँपालिकाको आवश्यकता अनुसार स्थानीय चक्रीय अर्थतन्त्र निर्माणमा टेवा पुऱ्याउने उद्देश्यले निर्माणाधीन भैरबी गाउँपालिकाको कृषि तथा पशुपन्छी ऐनलाई चालु आर्थिक वर्षभित्र अन्तिम रूप दिई स्वीकृत तथा कार्यान्वयनमा ल्याइनेछ। उक्त ऐनमार्फत कृषकको हकहित संरक्षण, कृषि क्षेत्रको नियमन, स्थानीय स्रोतको प्रभावकारी परिचालन तथा निजी क्षेत्र, सहकारी र कृषक समूहसँगको सहकार्य सुदृढ गरिनेछ।
- स्थानीय उत्पादनको प्रोत्साहन, उत्पादन वृद्धि तथा स्थानीय अर्थतन्त्रको सुदृढीकरणका लागि कृषि सहकारी मार्फत स्थानीय उत्पादनमा आधारित अनुदान कार्यक्रम सञ्चालन गरिनेछ। यस कार्यक्रममार्फत उत्पादन र बजारीकरणमा योगदान पुर्याउने कृषक, कृषि उद्यम तथा सहकारीलाई प्राथमिकता दिइनेछ।
- कृषि उपजको बजार पहुँच विस्तार तथा स्थानीय उत्पादनको प्रवर्द्धन गर्न स्थानीय उत्पादनको बजारीकरण कार्यक्रम सञ्चालन गरिनेछ। स्थानीय कृषि उपजलाई भैरबी गाउँपालिकाको मौलिक संस्कृति, परम्परा तथा स्थानीय पहिचानसँग आबद्ध गरी प्रवर्द्धन गरिनेछ। साथै, कृषक, कृषक समूह, सहकारी तथा कृषक संस्थाहरूको सहभागितामा सामूहिक तथा समूहगत बजारीकरण प्रणाली विकास गरी उत्पादन संकलन, मूल्य अभिवृद्धि तथा बजार सञ्जाल विस्तारमा जोड दिइनेछ।

- भैरबी गाउँपालिकाभित्र क्रियाशील कृषि सहकारी, कृषक समूह तथा कृषि सम्बन्धी संघसंस्थाहरूको संस्थागत क्षमता अभिवृद्धि तथा सशक्तीकरणका लागि क्षमता विकास, व्यवस्थापन सुधार तथा नेतृत्व विकास सम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ।
- भैरबी गाउँपालिकालाई तरकारी बाली उत्पादनमा आत्मनिर्भरता गराउनका लागी कृषकलाई उन्नत बीउ, गुणस्तरीय बेर्ना तथा प्रविधि हस्तान्तरणका निमित्त तरकारी बाली प्रवर्द्धन कार्यक्रमलाई निरन्तरता दीइनेछ ।
- बालीमा लाग्ने रोग तथा कीराको व्यवस्थापनका लागि जैविक विषादी, जैविक नियन्त्रण विधि तथा बाली संरक्षण सामग्रीको प्रयोगलाई प्रवर्द्धन गरिनेछ। कृषकलाई वातावरणमैत्री बाली संरक्षण प्रविधि अपनाउन प्रोत्साहित गरिनेछ
- कृषकको खेति प्रणालीमा प्रकोप, महामारी तथा आकस्मिक रूपमा देखा पर्ने र स्थनीय स्तरको खाद्य सुरक्षामा असर पुर्याउने गरि देखा परेका रोग तथा कीराको प्रकोप नियन्त्रणका लागि आवश्यक रासायनिक विषादी व्यवस्थापन गरिनेछ र कृषकको मागमा आधारित आकस्मिक बाली उपचार शिविर सञ्चालन गरिनेछ।
- कृषि व्यवसायीकरण तथा उद्यमशीलता विकासलाई प्रोत्साहन गर्न मागमा आधारित ५० प्रतिशत अनुदानमा कृषि व्यसायिकरण प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिनेछ। कार्यक्रम अन्तर्गत उत्पादन, प्रशोधन तथा कृषि व्यवसाय विस्तारका लागि आवश्यक सामग्री तथा प्रविधिमा सहयोग प्रदान गरिनेछ।
- स्थानीय रैथाने बाली, कृषि जैविक विविधता तथा कृषि उपजहरूको संरक्षण, प्रवर्द्धन तथा प्रचारप्रसारका लागि कृषि जैविक विविधता तथा कृषि उपज प्रदर्शनी कार्यक्रम सञ्चालन गरिनेछ।
- गाउँपालिकाभित्र सञ्चालन हुने कृषि प्रसार कार्यक्रमहरूको प्रभावकारी अभिलेखीकरण, सूचना व्यवस्थापन तथा अनुगमन प्रणाली विकास गरी तथ्यमा आधारित योजना निर्माण तथा कार्यक्रम मूल्याङ्कन प्रक्रियालाई सुदृढ बनाइनेछ।
- भैरबी गाउँपालिकाको माटोको उत्पादनशीलता कायम राख्न माटो परीक्षण, सुधारात्मक उपायहरू (प्राङ्गारिक मल, भर्मी कम्पोष्ट, हरियो मल आदिको प्रयोग) तथा माटो परीक्षण रिपोर्टको आधारमा सिफारिस गरिएका पोषण तत्त्वहरूको प्रयोग प्रवर्द्धन गरिनेछ। यसका लागि कृषकलाई संघ तथा प्रदेश कृषि मन्त्रालय मार्फत माटो परीक्षण सेवा र सुधार कार्यक्रमको पहुँच पुर्याउने कार्यक्रमलाई निरन्तरता दिईनेछ।
- भैरबी गाउँपालिकामा सञ्चालन हुँदै आएको माटो स्वास्थ्य सुधार कार्यक्रमलाई निरन्तरता दिइनेछ। माटोको उत्पादनशीलता कायम राख्न माटो परीक्षण, प्राङ्गारिक मल, भर्मी कम्पोष्ट, हरियो मल लगायतका सुधारात्मक उपायहरूको प्रयोग तथा माटो परीक्षण प्रतिवेदनका आधारमा सिफारिस

गरिएका पोषण तत्त्वहरूको प्रयोगलाई प्रवर्द्धन गरिनेछ। साथै, कृषकहरूलाई संघ तथा प्रदेश सरकारमार्फत उपलब्ध माटो परीक्षण तथा माटो सुधार सेवाको पहुँचमा पुऱ्याइनेछ

- कृषि क्षेत्रमा लैङ्गिक समानता तथा समावेशी विकासलाई प्रवर्द्धन गर्न महिलामैत्री तथा लैङ्गिक उत्तरदायी कृषि कार्यक्रम सञ्चालन गरिनेछ। विशेष गरी स्थानिय वातावरणमा उपयुक्त तथा व्यवसायिक सम्भावना भएका बालीहरुको मूल्य शृङ्खला विकास मार्फत महिला कृषकहरूको उत्पादन, प्रशोधन, बजारीकरण तथा आयआर्जनमा योगदान वृद्धि गरिनेछ।
- संघीय सरकारको किसान सूचीकरण तथा किसान परिचयपत्र कार्यक्रमलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न आवश्यक समन्वय, सहजीकरण तथा तथ्याङ्क व्यवस्थापन कार्यलाई निरन्तरता दिइनेछ। कार्यक्रम अन्तर्गत भैरबी गाउँपालिकाका किसान घरधुरीहरूको सूचीकरण तथा किसान परिचयपत्र वितरण कार्यलाई सम्बन्धित निकायसँगको सहकार्यमा अगाडि बढाइनेछ।
- भैरबी गाउँपालिकाको कृषि, पशुपन्छी, प्राकृतिक स्रोत, जैविक विविधता, जलवायु अनुकूलन तथा स्थानीय खाद्य प्रणालीको दिगो व्यवस्थापनलाई मार्गदर्शन गर्ने उद्देश्यले गाउँपालिकाको कृषि पारिस्थितिकीय योजना तयार गरिनेछ। उक्त योजनामा स्थानीय स्रोतसाधन, कृषि सम्भावना, उत्पादन प्रणाली, बजार, वातावरणीय अवस्था तथा जलवायु जोखिमको विश्लेषण गरी आगामी पाँच वर्षका लागि कार्ययोजना, प्राथमिकता क्षेत्र, लगानी रणनीति तथा कार्यान्वयनका आधारहरू समावेश गरिनेछन्।
- संघिय तथा प्रदेशिक कृषि मन्त्रालयको सहकार्यमा भैरबी गाउँपालिकाका साना, सिमान्तकृत, महिला तथा विपन्न कृषक समुदायको आयआर्जन तथा जीविकोपार्जन सुधारका लागि उत्पादनदेखि बजारीकरणसम्म समेट्ने एकीकृत कृषि मूल्य श्रृंखला विकास कार्यक्रम सञ्चालन गरिनेछ।
- रैथाने बाली तथा स्थानीय कृषि उत्पादनहरूको संरक्षण, व्यवसायीकरण तथा पहिचान प्रवर्द्धन गर्न स्थानीय ब्रान्ड विकास, प्याकेजिङ, प्रवर्द्धन तथा बजार सहजीकरण कार्यक्रम सञ्चालन गरिनेछ।
- भैरबी गाउँपालिकाको स्थानीय चक्रीय अर्थतन्त्र निर्माणमा टेवा पुर्याउने गरि पालिकाको आफ्नै **कृषि तथा पशुपन्छी ऐन** निर्माण गरिनेछ, जसबाट कृषकको हकहित संरक्षण, कृषि क्षेत्रको नियमन, स्थानीय स्रोतको प्रभावकारी परिचालन, निजी क्षेत्र, सहकारी र कृषक समूहसँगको सहकार्य सुदृढ हुने वातावरण सुनिश्चित गरिनेछ।
- मौसमी तथा बेमौसमी बाली संरक्षणका लागि जैविक तथा यान्त्रिक संरक्षण उपायहरूको प्रयोगमा आधारित बाली संरक्षण कार्यक्रम लागू गरिनेछ। यसका लागि कृषकलाई विषादी प्रयोग तालिम, जैविक पद्धतिको प्रवर्द्धन तथा कीट व्यवस्थापन प्रविधि प्रदान गरिनुका साथै घुम्ती बाली उपचार शिविर पनि संचालन गरिनेछ।
- कृषकहरूको सीप अभिवृद्धि तथा ज्ञान विस्तारका लागि पालिका, वडा र कृषक समुदाय स्तरको कृषि प्रसार तालिम, प्रदर्शनी तथा अनुभव आदान प्रदान कार्यक्रम सञ्चालन गरिनेछ।
- सुन्तलाजात फलफुल उत्पादनको प्रचुर सम्भावना रहेको भैरबी गाउँपालिकाको वडा नं ५,६ र ७ वडा लगाएत अन्य वडाहरुमा सुन्तलाजात बगैचा सुधार कार्यक्रम अन्तर्गत पुराना बगैचाको पुनर्संरचना, मलजल व्यवस्थापन, कृषकलाई सघाउने प्रविधि हस्तान्तरण लगायतका कार्यहरू

गरिनेछ। साथै अन्य फलफूलहरुका गुणस्तरीय बेर्ना उत्पादन र वितरणका लागी नर्सरी सुधार कार्यक्रम सञ्चालन गरिनेछ।

- भैरबी गाउँपालिकामा उच्च मुल्य र प्रचुर सम्भावना भएका मसला बाली (अदुवा, बेसार, लसुन आदि) को व्यावसायिकिकरण प्रवर्द्धन गर्न भैरबी गाउँपालिकाका १,२,३,४ वडा र बिभिन्न वडाहरुमा उपयुक्त बाली विशेष पकेट क्षेत्र विस्तार गरिनेछ। साथै, कृषकहरुले व्यवसायिक खेति प्रणाली गरिरहेका क्षेत्रहरुमा बाली उत्पादन विशेष उत्पादन सामाग्री ५०% अनुदानमा वितरण गरिनेछ ।
- मकै बालीको उत्पादन र उत्पादकत्व अभिवृद्धि गर्ने उद्देश्यले भैरबी गाउँपालिकाको बिभिन्न वडाहरुमा उन्नत जातको बीउको प्रयोग, उपयुक्त कृषि यन्त्र तथा प्रविधिको परिचालन, दक्ष प्राविधिक सेवाको विस्तार र समूहमा आधारित समुन्नत खेती प्रणालीलाई विशेष प्राथमिकताका साथ प्रवर्द्धन गरिनेछ।
- भैरबी गाउँपालिकामा रहेको बाँझो कृषि योग्य जमिनको पहिचान गरी त्यसको उत्पादनशील उपयोग सुनिश्चित गर्न बाँझो जमिन सदुपयोगका लागि कृषि विकास कार्यक्रम सञ्चालन गरिनेछ। यस कार्यक्रम अन्तर्गत उपयुक्त बालीको छनोट, सामूहिक तथा सहकारी मोडेलमा आधारित खेती प्रणालीको विस्तार, र आवश्यक प्राविधिक तथा वित्तीय सहयोगको व्यवस्था गरिनेछ। बाँझो जमिन सदुपयोगका लागी रैथाने ,फलफूल तथा घाँसे बालीहरुलाई प्रथामिकता दिईनेछ ।
- गाउँपालिकाको क्षेत्रभित्र रहेको खेतीयोग्य जमिनमा थप सिचाई सुविधा उपलब्ध गराउन जोड दिईनेछ ।
- कृषि पेशाको प्रवर्द्धन तथा युवाहरूलाई कृषि क्षेत्रमा आकर्षित गर्न कृषि सम्बन्धी दिवस, प्रदर्शनी तथा कृषक सम्मान कार्यक्रम सञ्चालन गरिनेछ।
- किसानहरुको बाली संरक्षणको लागि बँदेल, बाँदर लगायतका बन्यजन्तुहरुबाट बाली माथी हुने आक्रमणलाई न्यूनीकरण गर्नको लागि विभिन्न सरोकारवालाहरु संगको समन्वय र सहकार्यमा विभिन्न कार्यक्रमहरु तर्जुमा गरिनेछ ।साथैं बाँदर र बँदेलबाट नष्ट गरिएको वालीको क्षति एकिन गरि क्षतीपूर्ति वापतको राहत प्याकेज उपलब्ध गराइनेछ ।
- कृषकहरुलाई आधुनिक नगदेबाली तथा फलफुल खेती तर्फ प्रोत्साहन गर्न यस पालिका क्षेत्र भित्र पर्ने स्थानीय बजारहरुमा हाटबजार केन्द्रको स्थापनामा जोड दिईनेछ ।
- उत्कृष्ट किसान छनोट गरि कृषि व्यवसायलाई सम्मान गर्न किसान सम्मान कार्यक्रम सञ्चालन गरिनेछ ।
- विभिन्न सरोकारवालाहरुको साझेदारी र सहकार्यमा मागमा आधारित कृषि कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- किसान सुचीकरण कार्यक्रम मार्फत भैरवी गाउँपालिका वडा १ र ३ का किसान घरधुरी लाई नमूनाको रुपमा किसान परिचय पत्र प्रदान गर्ने कार्यलाई अगाडी बढाईनेछ।
- भैरवी गाउँपालिकाको कृषि तथ्याङ्क अध्यावधिक गरि भैरवी गाउँपालिकाको कृषि तथा पशुपन्छी प्रोफाईल बनाई प्रकाशन गरिनेछ ।
- जलवायु मैत्री कृषि प्रणालीको प्रवर्द्धन, कृषि व्यवसायीकरण, बजारीकरण तथा उद्यमशीलता विकासका क्रियाकलापहरू विभिन्न साझेदार संघसंस्थासँगको सहकार्यमा सञ्चालन गरिनेछ।

  विशेष अनुदानको

## ख) पशुपन्छी

- किसानहरुको साझेदारीमा यस पालिकाको निश्चित/उपयुक्त वस्तीहरु छनौट गरि अनुदानमा भैसिपालन व्ययवसाय लाइ उच्च प्राथिमकतामा राखी कार्यक्रमको तर्जुमा गरिनेछ। त्यसका लागि डेरी संचालनका लागि आवश्यक पहल गरिनेछ ।
- पशुपन्छीमा लाग्ने आन्तरिक तथा बाह्य परजीवीजन्य रोगहरूको नियन्त्रण तथा रोकथामका लागि निःशुल्क औषधि वितरण, उपचार सेवा तथा सचेतनामूलक कार्यक्रमलाई निरन्तरता दिईनेछ।
- पशुपन्छीमा लाग्ने आन्तरिक तथा बाह्य परजीवीजन्य रोगहरूको नियन्त्रण तथा रोकथामका लागि निःशुल्क औषधि वितरण, उपचार सेवा तथा सचेतनामूलक कार्यक्रमलाई निरन्तरता दिईनेछ।
- रेविज लगायत विभिन्न संक्रामक तथा महामारीजन्य रोगहरूको रोकथाम तथा नियन्त्रणका लागि कुकुर, बिरालो तथा अन्य पशुपन्छीमा नियमित खोप सेवा सञ्चालन गरिनेछ।
- गाई/भैंसी, बाख्रा, भेडा, बंगुर तथा कुखुरा पालन सम्बन्धी उन्नत प्रविधि, व्यवस्थापन तथा रोग नियन्त्रण विषयमा कृषकहरूको ज्ञान, सीप तथा क्षमता अभिवृद्धि गर्न तालिम तथा प्राविधिक सहजीकरण कार्यक्रम सञ्चालन गरिनेछ।
- दुर्गम बस्ती तथा सेवाको पहुँच बाहिर रहेका कृषकहरूलाई पशु स्वास्थ्य सेवा उपलब्ध गराउन विभिन्न वडाहरूमा घुम्ती पशुपन्छी स्वास्थ्य शिविर सञ्चालन गरिनेछ।
- पशुपन्छीमा देखापर्ने महामारी तथा आकस्मिक रोगहरूको शीघ्र नियन्त्रण, रोग पहिचान तथा प्रयोगशाला परीक्षणका लागि नमुना संकलन, व्यवस्थापन तथा आकस्मिक रोग नियन्त्रण कार्यक्रम सञ्चालन गरिनेछ।
- दलित समुदायको आयआर्जन वृद्धि, पोषण सुधार तथा जीविकोपार्जन सुदृढीकरणका लागि बाख्रा, कुखुरा लगायतका पशुपन्छी पालन प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिनेछ।
- गाउँपालिकाभित्र सुरक्षित, स्वच्छ तथा गुणस्तरीय दूध, मासु र अण्डा उत्पादनलाई प्रवर्द्धन गरिनेछ। पशुजन्य उत्पादनको गुणस्तर सुनिश्चित गर्न जैविक सुरक्षा मापदण्डको पालना, स्वच्छ उत्पादन प्रणालीको विकास तथा गुणस्तर परीक्षण सम्बन्धी कार्यक्रमहरू सञ्चालन गरिनेछ।
- पशुपन्छी उत्पादन तथा उत्पादकत्व अभिवृद्धि गर्न आवश्यक घाँस तथा चारा स्रोतको विकास र विस्तारमा जोड दिइनेछ। पशुपालक कृषकहरूलाई उन्नत तथा बहुवर्षीय घाँस तथा चारा बालीका बीउ, बेर्ना तथा प्रविधिमा पहुँच अभिवृद्धि गर्दै घाँसेबाली विकास कार्यक्रम सञ्चालन गरिनेछ।
- भैरबी गाउँपालिकाको कृषि तथा पशुपन्छी क्षेत्रको यथार्थ अवस्था प्रतिबिम्बित गर्ने गरी कृषि तथा पशुपन्छी प्रोफाइल अध्यावधिक तथा प्रकाशन गरिनेछ। कृषि तथ्याङ्क व्यवस्थापनलाई निर्णय प्रक्रियासँग आबद्ध गरिनेछ।
- यस गाउँपालिकाले आर्थिक वर्ष २०८२/०८३ देखी लागु गरिएको भैंसी तथा उन्नत जातको गाईपालन किसानहरुको सम्मानको लागि गाउँपालिकामा भैंसी तथा उन्नत जातको गाई दर्ता गर्ने, बिमा गर्ने र किसानलाई प्रति भैंसी तथा उन्नत जातको गाईको रु २००० सुत्केरी भत्ता उपलब्ध गराउने कार्यलाइ निरन्तरता दिइनेछ ।

## ग) सिंचाई

- विगत देखी नै सञ्चालनमा रहेको गिताचौर, सैन, रावतकोट, जलजले सिंचाई बृहत आयोजनालाई सम्पन्न गर्नका लागि संघीय सरकार तथा प्रदेश सरकारसंग पहल गरिनेछ ।
- गाउँपालिका क्षेत्र भित्र रहेका सिंचाई कुलोहरुको मर्मत सम्भार गरी बाह्रै महिना सिंचाई सुविधा पुर्याउने कार्यलाई उच्च प्राथमिकता दिईनेछ ।
- गाउँपालिकाका कृषि योग्य भूमीमा सिंचाईको लागि श्रोतको खोजी गर्दै नहर, कुलोबाट सिंचाई हुन सक्ने स्थानमा लिफ्ट सिंचाई, सिंचाई पोखरी, प्लाष्टिक पोखरी जस्ता कार्यक्रमलाई प्राथमिकता दिई क्रमीक रुपमा सिंचाई सुविधा पुर्याईनेछ ।
- सम्भावित नयाँ सिंचाई आयोजनाहरु निर्माण गरी थप जग्गामा सिंचाई सुविधा पुर्याई कृषि उत्पादनमा वृद्धि गर्दै जाने नीति अवलम्बन गरिनेछ ।
- खेतीयोग्य जमिनको लागि आवश्यकता र औचित्यका आधारमा सिंचाई पाईपहरु वितरण गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।
- स-साना सिंचाइ आयोजना वाहेकका मझौला तथा ठूला सिंचाइका आयोजनाहरु संचालनको लागि जलवायु परिवर्तन स्थानीय अनुकुलन परियोजना कार्यक्रम मार्फत संचालन गर्ने व्यवस्था गरिनेछ

## घ) उद्योग तथा वाणिज्य

**उद्यमशीलता तथा सीप विकास:**

- वडास्तरमा उद्यमी पहिचान तथा उद्यमशीलता अभिमुखीकरण कार्यक्रम सञ्चालन।
- युवा, महिला, दलित तथा विपन्न वर्ग लक्षित सीपमूलक तालिम (सिलाइ–कटाइ, बेकरी, काष्ठकला, धातुकला, मोबाइल मर्मत, कम्प्युटर, डिजिटल सेवा आदि)।
- "एक घर–एक सीप" अभियान सञ्चालन।

**२. कृषि तथा कृषि–आधारित लघुउद्यम**

- स्थानीय उत्पादन(अदुवा, बेसार, टिमुर, अलैंची, मह, फलफूल, तरकारी) को प्रशोधन तथा प्याकेजिङ केन्द्र स्थापना।
- "एक वडा–एक उत्पादन" कार्यक्रम।
- घरेलु तथा साना खाद्य उद्योग दर्ता र प्रवर्द्धनमा सहजीकरण।
- कृषक समूहसँग साझेदारीमा मूल्य शृंखला विकास।

**३. महिला उद्यम प्रवर्द्धन**

- महिला उद्यमी प्रोत्साहन कोष स्थापना।
- महिला समूहद्वारा सञ्चालित उत्पादनमूलक उद्योगलाई अनुदान तथा प्राविधिक सहयोग।
- घरमै सञ्चालन गर्न सकिने सूक्ष्म उद्यम (अगरबत्ती, ढाका, हस्तकला, अचार, मसला प्रशोधन आदि) प्रवर्द्धन।

**४. युवा स्वरोजगार कार्यक्रम**

- "स्वदेशमै उद्यम, स्वदेशमै सम्मान" अभियान।
- विदेशबाट फर्किएका युवाका लागि पुनःएकीकरण तथा उद्यम स्थापना सहयोग।
- स्टार्टअप प्रकृतिका नवीन व्यवसायलाई बीउ पूँजी (Seed Fund) उपलब्ध गराउने कार्यक्रम।

**५. वित्तीय पहुँच विस्तार**

- सहकारी तथा बैंकसँग समन्वय गरी सहुलियतपूर्ण उद्यम कर्जा कार्यक्रम।
- लघुउद्यमीहरूको लागि ब्याज अनुदान वा आंशिक जोखिम साझेदारी कार्यक्रम।
- वित्तीय साक्षरता अभियान।

**६. बजार तथा ब्रान्डिङ**

- "भैरवी कोसेली" नामबाट स्थानीय उत्पादनको साझा ब्रान्ड विकास।
- स्थानीय उत्पादन प्रदर्शनी तथा व्यापार मेला आयोजना।
- डिजिटल मार्केटिङ तथा ई–कमर्स सम्बन्धी तालिम।
- उत्पादक र बजारबीच प्रत्यक्ष सम्पर्क कार्यक्रम।

**७. विविध**

- गाउँपालिकामा उद्योग व्यवसायको प्रवर्द्धन गर्न उद्यममैत्री कार्यक्रम सञ्चालन गरिनेछ ।
- गाउँपालिका क्षेत्रमा सञ्चालित व्यवसायिक फर्महरुको दर्ता तथा नविकरण कार्यलाई प्रोत्साहन गरिनेछ ।
- सार्वजनिक, निजी साझेदारी नीतिको अवलम्बन गर्दै निजी क्षेत्रसंगको सहकार्यमा गर्न सकिने योजनाहरु करार सम्झौता गरी कार्यान्वयनमा ल्याईनेछ ।
- गाउँपालिका क्षेत्रभित्रका श्रोत र साधनको खोजी गरी भौतिक पूर्वाधार निर्माण कार्यमा स्थानीय कच्चा पदार्थ प्रयोगमा ल्याउन जोड दिईनेछ ।
- बजार अनुगमन गर्ने कार्यलाई प्रभावकारी बनाईनेछ ।
- उद्योग धन्दा स्थापना हुंदाको बखत गाउँपालिकामा लाग्ने शुल्कमा १० प्रतिशत छुट दिने व्यवस्था गरिनेछ । साथै दलित वर्गहरुको लागि उक्त शुल्कमा २० प्रतिशत छुट दिने व्यवस्था गरिनेछ ।
- रोजगारमुलक उद्योगहरुलाई प्रोत्साहन गरिनेछ ।
- तुलनात्मक लाभका क्षेत्रको पहिचान गरी गाउँमा उद्योगको विकास र विस्तार गरी उत्पादित बस्तु तथा सेवाको बजारका लागि प्रोत्साहन प्रबन्ध गरिनेछ ।
- एक वडा एक उद्योग स्थापना गर्नका लागि प्रेरित गरिनेछ ।
- भैरबी गाउँपालिकामा रहेका स्लेटहरुलाइ प्रबर्द्धन तथा वजारीकरण गर्न पहल गरिनेछ ।
- परम्परागत रुपमा संचालन हुँदै आइरहेका विभिन्न व्यावसायहरुलाइ उपयुक्त प्रविधि हस्तान्तरण गरि आधुनिकीरकरण तर्फ लैजाने प्रयत्न गरिनेछ ।

## ङ) पर्यटन तथा संस्कृति

- **"आफ्नो काम आफ्नो रोजगार, कृषि र पर्यटन हाम्रो आधार"** भन्ने नाराका साथ कृषि र पर्यटन क्षेत्रलाई भैरबी गाउँपालिको रोजगारी एवं विकासको आधार बनाईनेछ ।
- नेपालकै गौरबको रुपमा रहेको पेट्रोलियम पदार्थको उत्खनन् क्षेत्र भैरबी-१ जलजलेमा पर्यटकहरुको आगमनलाइ ध्यानमा राख्दै उक्त क्षेत्रलाइ व्यवस्थित बनाउनका लागि कार्यक्रमहरुको तर्जुमा गरिनेछ ।

- स्थानीय पर्यटन प्रवर्धनका लागि शिरस्थान क्षेत्र संरक्षण, भैरबी मन्दिर ब्यवस्थापन, भैरबी झरना प्रचारप्रसार, कालिका मन्दिर, शिव मन्दिर, कुर्मावति मन्दिर, कोटेश्वोर मन्दिर, मष्टा मन्दिर, पंचकोशी पर्यटकीय पदमार्ग, बासुधारा माई मन्दिर, ब्याउली धरमशाला, ढुङ्गेधारा, बाह्र खम्बा देवलहरु र शैलङ्गे पर्वतको संरक्षणमा जोड दिईनेछ ।
- पर्यटक आवागमनको प्रचुर सम्भावना रहेको वडा नं. ४ को भैरबी छहरा आसपास र दैलेख कालिकोटको सिमानामा रहेको व्याउली क्षेत्र वडा नं. ७ को बस्तीमा घरबास (Home Stay) स्थापना तथा सञ्चालनको लागि पहल गरिनेछ ।
- भैरबी क्षेत्रको एकीकृत विकासको लागि सम्भाव्यता अध्यन गरिनेछ ।
- भैरबी गाउँपालिका स्तरीय पर्यटन गुरुयोजना तथा पर्यटकिय नक्सा तयार गरिनेछ । गुरुयोजनाको आधारमा पालिका भित्र रहेका पर्यटकिय तथा धार्मिक एवं सांस्कृतिक स्थलहरुलाई राष्ट्रिय रुपमा प्रचार प्रसार गरी महत्वपूर्ण गन्तव्यको रुपमा विकास गरिनेछ ।
- गाउँपालिका भित्र परम्परागत रुपमा रहेका सांस्कृतिक सम्पदाहरुको संरक्षण तथा **संवर्द्धन** गर्ने नीति लिईनेछ ।
- गाउँपालिका भित्र बसोवास गर्ने विभिन्न जातजातीहरुको भाषा,कला, संस्कृति तथा धर्म संरक्षणको लागि विभिन्न कार्यक्रमको तर्जुमा गरिनेछ ।
- कला साहित्य र संस्कृतिलाई संरक्षण तथा प्रवर्द्धन गर्न आवश्यक तालिम, प्रतियोगिता जस्ता कार्यक्रमहरुको शुरुवात गरिनेछ ।
- पादुका देखी भैरबी सम्म पर्यटकीय सडकको निर्माणमा पहल गरिनेछ ।

## च) भूमी व्यबस्था तथा सहकारी

- गाउँपालिका क्षेत्रभित्र १० वर्ष देखि लगातार बसोवास गरी आएका दलित, भुमिहिन, अव्यवस्थित बसोवासीहरुलाई केन्द्रिय सरकारको नीति तथा जिल्लाको भुमि समस्या समाधान आयोगसँगको समन्वयमा जग्गा धनी पुर्जा उपलब्ध गराउन पहल गरिनेछ ।
- भूमीको व्यवस्थापन मार्फत व्यावसायिकरण र आधुनिकीकरण गरिनेछ ।
- जग्गाको चक्लाबन्दी गरी उत्पादन र उत्पादकत्व बृद्धि गर्ने नीति लिईनेछ ।
- सहकारी क्षेत्रको विकास र प्रवर्द्धन गर्दै सहकारीको व्यवसायीकरणमा जोड दिईनेछ ।
- गाउँपालिका भित्र रहेका सहकारी तथा वित्तीय क्षेत्रहरुसंग सहकार्य गरी उत्पादनमुलक कार्यक्रममा लगानीमैत्री वातावरण सिर्जना गरिनेछ ।
- गाउँपालिका भित्र रहेका सहकारीहरुको क्षमता विकासको लागि सहकारी व्यवस्थापकहरुको लागि लेखा व्यवस्थापन र क्षमता विकास तालिमको व्यवस्था गरिने छ ।
- गाउँपालिका भित्र रहेका सहकारी संस्थाको अनुगमन तथा नियमन गरी विषयगत कार्यप्रति उत्तरदायी बनाईनेछ । साथै लामो समय सम्म नविकरण नभएका र कुनै पनि कार्य नगरेका सहकारीको दर्ता खारेज गरिनेछ ।
- गाउँपालिका क्षेत्रभित्र सञ्चालन भएका सबै विषयगत सहकारी संघ संस्थाहरुसंग समन्वय गरि लक्षित वर्गका लागि सीप विकास तथा उद्यमशिलता विकास सम्बन्धि तालिमहरु सञ्चालन गरि गरिवी र बेरोजगारी हटाउने कार्यमा संलग्न गराईनेछ ।

- सहकारी संस्थालाई अनिवार्य रुपमा सहकारी तथा गरिवी सम्बन्धी व्यवस्थापन सूचना प्रणालीमा आबद्ध हुनुपर्ने व्यवस्था गरिनेछ ।
- गुठी जग्गाहरुलाइ रैकरमा परिणत गर्नका लागि संघीय सरकारसंग पहल गरिनेछ ।

## छ ) श्रम तथा रोजगार

- राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रम तथा मुख्यमन्त्री रोजगार कार्यक्रमलाई सीपयुक्त दक्ष जनशक्ती, रोजगारीको क्षेत्र र रोजगार सम्बन्धि अन्य कार्यक्रमहरुसंग आवद्ध गरी यथार्थ उत्पादन मुलक रोजगारी सिर्जना गर्ने बेरोजगार लक्षित अभियानको रुपमा कार्यान्वयन गरिनेछ ।
- सूचीकृत भएका वेरोजगार ब्यक्तिहरुलाई न्यूनतम रोजगारीको प्रत्याभूती गर्नका लागि कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना सञ्चालन गरि श्रममुलक आयोजना मार्फत समुदायको विकास संगै सामाजिक संरक्षणको प्रत्याभुती गराईनेछ ।
- **श्रमलाई सम्मान भैरबीको अभियान** भन्ने नाराका साथ गाउँपालिकामा विकास निर्माणका आयोजनाहरुमा यस गाउँपालिकाका बेरोजगारको सूचीमा सूचिकृत गरी वेरोजगारहरुलाई काममा अनिवार्य लगाउनु पर्ने नीति अवलम्बन गरिनेछ ।
- रोजगार सेवा केन्द्रको सञ्चालन तथा व्यवस्थापनमा थप प्रभावकारी बनाईनेछ ।
- **कोही भन्दा कोही छैन कम, पालिकाको लागि एकदिन श्रम** भन्ने नारा सहित यस गाउँपालिकामा रहेका जनप्रतिनिधी र कर्मचारीहरुलाई महिनामा १(एक) दिन विकास निर्माणका लागि श्रमदान गर्नुपर्ने नीति लिईनेछ।उक्त जनश्रमदानको अभिलेख राखी सार्वजनिक गरिनेछ ।
- पालिका क्षेत्रमा कार्यरत मजदुरहरुको दक्षता, सीप र अनुभवको आधारमा अभिलेखन गरी श्रम बैंकको स्थापना गरिनेछ ।श्रम बैंकमा सूचीकृत मजदुरहरुलाई उनीहरुको दक्षता, सीप र अनुभवको आधारमा निजी तथा गैरसरकारी क्षेत्रसंगको समन्वयमा काममा लगाउने व्यवस्था मिलाईनेछ ।
- गाउँपालिका रोजगार रणनीति २०८० लाई अद्यावधिक गरी पूर्ण रुपमा कार्यान्वयनमा ल्याईनेछ ।

# २. सामाजिक विकास

## क ) जनस्वास्थ्य तथा पोषण

- **म स्वस्थ मेरो समुदाय स्वस्थ** भन्ने कार्यक्रममा गाउँपालिको साझेदारीमा कर्मचारीको व्यवस्थापन गरी विभिन्न कार्यक्रमहरुको तर्जुमा गरिनेछ ।
- स्वास्थ्य सेवा कार्यालय,दैलेखको समन्वमा अल्पकालिन आवास गृह ( Safe House) र एकद्वार संकट व्यबस्थापन केन्द्र (OCMC) को व्यवस्थापनको लागि पहल गरिनेछ ।
- सुरक्षित सुत्केरी, सुरक्षित जन्म वर्थिङ सेन्टर को आभियान सञ्चालन गरी यस गाउँपालिकालाई Zero Home Delivery गाउँपालिकाको रुपमा घोषणा गरिनेछ ।
- गाउँपालिकामा संचालित वर्थिङ सेन्टरहरुलाई अत्याधुनिक र सुविधा सम्पन्न बनाउनुको साथै वथिङ सेन्टरमा कार्यरत नर्सिङ स्टाफहरुलाई समय सापेक्ष तालिमहरुको व्यवस्था गरिनेछ । साथै हाल संचालनमा रहेका आधारभुत स्वास्थ्य एकाईहरु वडलम्जी र डोक्रालाई बर्थिङ्गमा स्तरोन्नती गर्न आवश्यक पहल गरिनेछ ।

- पूर्ण खोपयुक्त गाउँपालिका घोषणा गर्ने लक्ष्यका साथ आवश्यक विभिन्न कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- ५ बर्ष मूनीका बालावालिकाहरुमा पोषण स्थिती सुधार गर्न आमा समुहहरुलाई सक्रिय बनाईनेछ
- यूवा यूवतीहरुको लागि यौनरोग तथा सरुवा रोगहरुको नियन्त्रणका कार्यक्रम लगायत गाउँघर क्लिनिक संचालन कार्यक्रमलाई प्राथमिकताका साथ अघि वढाईने छ ।
- **"स्वास्थ्यमा हुन्छ धेरै हानी, नसुधारे खानपान र आनीबानी"** भन्ने नाराका साथ उग्ररुपमा वढीरहेको मधुमेह, उच्च रक्तचाप,श्वास प्रश्वास सम्बन्धि रोग, थाइराईड, क्यान्सर जस्ता नसर्ने रोगहरु नियन्त्रण गर्न विभिन्न किसीमका जनचेचनामुलक कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- **युवतिहरुलाई सुरक्षित गर्न तालिम**
- भैरीकालिकाथुम स्वास्थ्यचौकीमा रगत परिक्षण केन्द्र स्थापना गरि रगत परिक्षण कार्यलाई व्यवस्थित बनाउन दक्ष जनशक्तीहरुको व्यवस्थापन गरिनेछ ।
- भैरीबी अस्पताल निर्माण कार्यको शुरुवात भैसकेको हुँदा उक्त अस्पतालबाट सेवा प्रारम्भ गर्न विशेषज्ञ डाक्टर सहितको जनशक्ति व्यवस्थापन गर्न पहलकदमी लिईनेछ ।
- गाउँबासीहरुलाई सेवा प्रवाह गर्दै क्यान्सर, मृगौला तथा मुटु रोगीहरुको लागी उपचारमा आर्थिक सहयोग गर्न कार्यक्रम तर्जुमा गरिनेछ ।
- जेष्ठ नागरिकहरुको घरघरमै गई घरदैलो स्वास्थ्य जाँच तथा उपचार कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- देशका ठूला निजी तथा सरकारी अस्पतालहरु सँग समन्वय गरेर पालिका स्तरमा नै निःशुल्क स्वास्थ्य शिविरको आयोजना गरिनेछ ।
- स्वास्थ्य क्षेत्रका मेरुदण्डका रुपमा रहेका स्थापित महिला स्वास्थ्य स्वयं सेविकाहरुलाई उच्च मनोबलका साथ समुदायमा काम गर्न प्रेरित गर्ने उद्देश्यले स्वयंसेविकालाई उत्प्रेरणा कार्यक्रम अन्तर्गत सम्पूर्ण महिला स्वास्थ्य स्वयंसेविकाहरुलाई गाउँकार्यपालिकाले तयार गरेको कार्यविधि अनुसार मासिक रुपमा उत्प्रेणा स्वरुप प्रदान गर्दै आईरहेको प्रोत्साहन भत्तालाई निरन्तरता दिईनेछ ।
- ग्रामीण क्षेत्रको पोषण अवस्थामा सुधार ल्याउन गाउँपालिका तथा सबै विकास साझेदार निकायहरुको सहयोगमा सुनौला हजार दिनका आमा, बच्चा र किशोरीहरु रहेका विपन्न घरपरिवारहरुलाई पहिलो प्राथामिकता दिई बालमृत्युदर र मातृमृत्युदर र कुपोषण न्यूनीकरण गर्दै पोषण मैत्री टोल / बस्ती / वडा / स्थानीय तह घोषणालाई अभियानकै रुपमा सञ्चालन गरि सेवाको पहुँच र गुणस्तरमा जोड दिईने छ ।
- क्यान्सर, मृगौला, मुटुरोग, कडा शिघ्र कुपोषण लगायत गम्भीर प्रकृतिका नसर्ने रोगहरुको उपचारको लागि आवश्यक अनुदान सहयोग गर्ने नीति लिईनेछ । साथै गम्भीर प्रकृतिका रोगहरुको नेपाल सरकारबाट अनुदान तथा निःशुल्क उपचार गर्ने व्यवस्थाको भरपुर उपयोग गरिनेछ ।
- हाम्रो चुनौतीको रुपमा रहेको HIV/AIDS, टि.वी, महिलाहरुको पाठेघर खस्ने समस्या, मानसिक रोग लगायत अन्य घातक संक्रमणहरुलाई प्राथामिकतामा राखी समस्या समाधान गर्न पहल गरिनेछ

- प्रतिरोधात्मक, प्रवर्द्धनात्मक र उपचारात्मक सेवाको साथसाथै आयुर्वेदिक सेवाको प्रर्वद्धन, सेवाको विस्तार र परिवार नियोजन सेवाको पहुँच वृद्धि गरि प्रजनन अधिकारको सुनिश्चिता गरिने छ ।साथै औषद्यालयको भवन निर्माणको लागि जग्गाको व्यवस्था गरिनेछ ।
- नेपाल सरकारबाट तोकिएअनुसार पोषणमैत्री, किशोर किशोरीमैत्री, अपाङ्गतामैत्री, सूचना प्रविधिमैत्री, स्वास्थ्य संस्थाको विकासमा जोड दिई पूर्ण खोपयुक्त बर्थिङ सेन्टर, गर्भपतन सेवा सञ्चालन भएका स्वास्थ्य संस्थाहरुको गुणस्तरीयता कायम राख्न आवश्यक पहल गरि समृद्ध महिला, सुखी महिलाको नारालाई व्यवहारमा अवलम्बन गरिने छ ।
- स्वास्थ्यकर्मीहरुको क्षमता विकास, रुपान्तरण तथा व्यवहार परिवर्तनका लागि उत्प्रेरणा जगाउने, मनोवल बढाउने, भ्रमण तथा प्रशिक्षणहरु सञ्चालन गरिनेछ ।
- गाउँपालिकाभित्र मानसिक स्वास्थ्य तथा मानसिक स्वास्थ्य समस्या भएका व्यक्तीहरुको पहिचान गरि मानसिक समस्या भएका व्यक्तीहरुलाई स्वास्थ्य संस्थाबाट दिईने उपचारको अलवा सि.एम.सी. नेपाल लगायत विभिन्न संघ संस्थाहरुको सहकार्यमा मनोपरामर्श सेवा सञ्चालन कार्यलाई थप व्यवस्थित गरि निरन्तरता दिईनेछ ।विद्यालय वालवालिकाहरुको मानसिक स्वास्थ्य कार्यक्रम, समुदाय स्तरमा मानसिक स्वास्थ्य सम्बन्धि जनचेतना मुलक कार्यक्रम संचालन गरिनेछ । साथै संघीय सरकार संगको साझेदारीमा २ जना सामुदायिक मनोसामाजिक कार्यकर्ता नियुक्त गर्न आवश्यक बजेटको व्यवस्था गरिनेछ ।
- मानसिक स्वास्थ्य समस्या भएका व्यक्तीहरुको लागि आबश्यक औषधीहरुको व्यवस्थापनमा आवश्यक सहयोग गरिनेछ ।

## ख) शिक्षा

- लामो समय भैरबी गाउँपालिकाका विभिन्न सामुदायिक विद्यालयहरुमा कार्यरत शिक्षकहरुलाइ गाउँपालिकाको बाध्यकारी अबस्थामा सेवा निरन्तरता दिन नसकिएका आदरणीय शिक्षक गुरुहरुको सेवालाइ सम्मान गर्दै आर्थिक वर्ष २०८३/०८४ को पहिलो चौमासिक अबधिमा सम्मान कार्यक्रमको आयोजना गरिनेछ ।
- भैरबी गाउँपालिकाको आफ्नै स्थानीय पाठ्यक्रमको निर्माण गरिनेछ ।
- विद्यालयहरुको गुणस्तर सुधारका लागि विद्यार्थी संख्या, भौगोलिक विकटता, र आवश्यकताको आधारमा विद्यालय समायोजन,तह कायम र दरबन्दी मिलान कार्यलाई व्यवस्थित गरीनेछ ।
- विद्यालय शिक्षामा विद्यार्थीलाइ सिकाउने, टिकाउने र विकाउने किसिमको शिक्षा प्रणालीलाइ लागु गरिनेछ ।
- अनिवार्य तथा निशुल्क शिक्षा कार्यान्वयनमा विशेष जोड दिइनेछ ।
- विद्यालयलाइ प्रविधिमैत्री वनाउन प्रविधि क्षेत्रमा लगानी गरि शिक्षाको गुणस्तर बृद्धि गर्ने नीति लिइनेछ ।विद्यालय स्तरमा पनि विद्युतिय हाजिरीको अनिवार्य गरिनेछ ।
- शैक्षिक क्षेत्रको अन्त्यमा हुने वार्षिक परिक्षामा उत्कृष्ट अंक प्राप्त गर्ने विद्यार्थी र शिक्षण गर्ने शिक्षकलाइ पुरस्कृत गर्ने नीति लिइनेछ ।
- गरिव तथा विपन्न विद्यार्थीहरुको सहुलियतको लागि आवश्यकता अनुसार विद्यालय सञ्चालन गरेने नीति लिइनेछ ।

- भैरबी गाउँपालिका दैलेखमा खेलकुलको विकासका लागि पालिकास्तरीय खेलकुद विकास समिति गठन गरि खेलकुदका कार्यक्रम अगाढी वढाइनेछ ।
- प्रत्येक विद्यालयमा तह अनुसार स्थायी शिक्षकहरु मध्येवाट प्रधानाध्यापकको व्यवस्थापन गरिनेछ ।
- माध्यामिक स्तरीय पररिक्षा एसइइ लाइ मध्यनजर गर्दै अन्तिम ३ महिना अवधिभर विद्यालयमा विद्यार्थीलाइ आवाशिय सहित अतिरिक्त कक्षा संचालन गरिनेछ ।
- बालविकास कक्षामा अध्ययनरत वालबालिकाहरुका लागि सिकाइमा अभिवृद्दि गराउन बालविकास केन्द्रको सञ्चालन र व्यवस्थापनको लागि अनुदान तथा सामग्री खरिदका साथै ECD Corner को स्थापना गरिनेछ ।
- सामुदायिक विद्यालयलाई सूचना प्रविधीमैत्री बनाई शिक्षण सिकाइमा यसको सघन प्रयोग मार्फत विद्यार्थीलाई प्रविधि प्रति जागरुक बनाउन सामुदायिक विद्यालयमा Internet तथा Digital सिकाइ सामग्रीको पहुँचको विस्तार र आवश्यक प्राविधिक सहयोग उपलब्ध गरिनेछ ।
- गाउँपालिकाभित्र अध्ययनरत विद्यार्थीहरुको अन्तर्निहित प्रतिभाको प्रष्फुटन र प्रतिस्पर्धात्मक क्षमताको विकास गर्न पालिका स्तरीय शैक्षिक तथा विज्ञान प्रदर्शनी, अन्तर विद्यालय अतिरिक्त क्रियाकलाप सञ्चालन र व्यवस्थापन गरिनेछ ।
- विद्यालयमा करार, राहत, अस्थायी र स्वयंसेवक शिक्षकहरु नियुक्त गर्दा शिक्षक सेवा आयोगबाट वैकल्पिकमा सिफारिस भएका उम्मेदवारहरुलाई पहिलो प्राथमिकता दिईनेछ।
- मूल्याङ्कन पद्दतिलाई थप व्यवस्थित र स्तरीकृत बनाई गाउँपालिका स्तरको शैक्षिक आधार तय गर्न गत शैक्षिक सत्रबाट लिइदै आएको आधारभूत तह उत्तीर्ण परीक्षालाई निरन्तरता दिदै यसै वर्ष देखि कक्षा ८ को परीक्षा समेत गाउँपालिका स्तरमा सञ्चालन गरिएकोमा यसलाई थप प्रभावकारी बनाइनेछ।
- श्रोतको व्यवस्थापन गरि दलित, अपाङ्गता भएका तथा विपन्न, जेहेन्दार विद्यार्थीहरुका लागि उच्च शिक्षा, छात्रवृद्धि प्रदान गर्ने साथै निश्चित समय आफ्नो पालिकामा सेवा गर्ने शर्तमा चिकित्सक, ईन्जिनियर जस्ता विषयमा अध्ययनका लागि छात्रवृति तथा अनुदान सहयोग गर्ने नीति बनाईनेछ ।
- विद्यालयको कार्यसम्पादनलाई प्रभावकारी नतिजामूलक र उत्तरदायी बनाउन गाउँपालिकाबाट नियमित रुपमा अनुगमन, मूल्याङ्कन तथा पृष्ठपोषण गरिने छ ।
- विद्यालयको आन्तरिक नियन्त्रण प्रणाली र आर्थिक अनुशासन कायम गर्न गाउँपालिकाबाटै सामुदायिक विद्यालयको आन्तरिक लेखापरीक्षण र आवश्यक प्राविधिक सहयोग उपलब्ध गराउने नीति लिइनेछ ।
- गाउँपालिकाले विद्यालयका प्रधानाध्यापकसँग र प्रधानाध्यापकले शिक्षककर्मचारीसँग / करार गरी कार्यजिम्मेवारी बोधलाई सुदृढ गरिने छ । कार्यसम्पादन
- सामुदायिक विद्यालयको शैक्षिक सुधारको लागि प्रधानाध्यापक नियुक्ति गर्दा शैक्षिक योग्यता, पेशागत दक्षता तथा प्रशासकीय कार्यकुशलतालाई अभिवृद्धि गर्न प्रतिस्पर्धात्मक प्रणालीको विकास गरिने छ ।

- स्थानीय पाठ्यक्रम शैक्षिक क्यालेण्डर तथा विद्यालयलाइ आवश्यक पर्ने शैक्षिक सामाग्री व्यबस्थापनका लागि अनुदानको व्यवस्था मिलाइनेछ ।
- विद्यालय खेलकुद कार्यक्रमलाइ आधारभुत तहबाटै शुरुवात गरिनेछ ।
- **विद्यालय कर्मचारीहरुको मनोबल उच्च राख्नका लागि संघीय अनुदानका विद्यालय कर्मचारीहरुको सेवा सुविधा थप गर्नका लागि आवश्यक बजेटको व्यवस्थापन गरिनेछ ।**
- **SEE केन्द्रित अनिवार्य आवास**

## ग) खानेपानी तथा सरसफाइ

- ससाना खानेपानी आयोजना वाहेकका मझौला तथा ठूला खानेपानीका आयोजनाहरु संचालनको लागि जलवायु परिवर्तन स्थानीय अनुकुलन परियोजना कार्यक्रम मार्फत संचालन गर्ने व्यवस्था गरिनेछ
- "स्वच्छ र सफा पिउने पा स्वस्थ जिन्दगानी " भन्ने नारालाई सफल पार्न गाउँपालिकाका सबै बस्ती र समुदायमा एक "घर एक धारा" को नीति अनुरुप स्वच्छ र सफा पिउने पानी लाई उच्च प्राथामिकता साथ अगाडी बढाईने कार्यलाई निरन्तरता दिईनेछ ।
- गाउँपालिकाकै गौरवको रुपमा रहेको मजुवा खानेपानीको निर्माण कार्यलाइ निरन्तरता दिदै व्यबस्थित बनाउनका लागि विभिन्न सरोकारवालाहरु संग आवश्यक पहल गरिनेछ ।
- खानेपानीको मुहान संरक्षण तथा सुरक्षित खानेपानीको लागि जनचेतनामुलक कार्यक्रम संचालन गरिनेछ । साथै मुहान दर्ता र अभिलेखिकरणलाई व्यवस्थित गरिने छ ।
- **आवश्यक कार्यविधिको तर्जुमा गरि पालिका स्तरीय खानेपानी बोर्ड गठन गरिनेछ । खानेपानी उपभोक्ता समिति गठन तथा एकिकरण समबन्धी नीति लिईनेछ ।मिटर**
- खानेपानीको अभाव भएका वस्तीहरुमा स्वच्छ खानेपानीको सुविधा, फोहोरमैला व्यवस्थापन गर्ने, खानेपानीको शुद्धीकरण गरेर मात्र पिउने, सरसफाईमा ध्यान दिने संस्कारको विकास गरिने छ।
- संघीय सरकार र प्रदेश सरकार वाट प्राप्त हुने विशेष अनुदानलाई खानेपानी आयोजना निर्माण तर्फ केन्द्रित गर्दै खानेपानी समस्याको समाधान गरिने छ ।
- बहुवर्षिय खानेपानी आयोजना सञ्चालन गर्न विभिन्न गैरसरकारी संस्था सँग समन्वय र सहकार्य गरी आर्थिक तथा प्राविधिक स्रोतको खोजी गरिने छ ।
- गाउँपालिका भित्र उत्पादन हुने फोहरमैला व्यवस्थापन गर्न आवश्यक नीति लिइने छ ।
- खानेपानी उपभोक्ता समितिहरुलाई वातावरण तथा सरसफाई प्रति उत्तरदायी बनाइने छ ।
- गाउँपालिका भित्र सञ्चालित अधुरा रहेका विभिन्न खानेपानीका योजनाहरुको कार्य सम्पन्न गर्न विभिन्न संघसंस्था,संघीय सरकार,प्रदेश सरकार र सरोकारवाला निकायहरुसंग समन्वय गरिनेछ
- पालिकाको खानेपानी सरसफाइ तथा स्वच्छता ऐन र दिगो विकास लक्ष्य नं ६ बमोजिम सन् २०३० सम्म सबैका लागि दिगो र सुरक्षित खानेपानीको आपुर्ति व्यवस्था सुनिश्चित गर्न निर्माण गरिने खानेपानी योजनाहरु एक घर, एक धाराको निति र अबधारणा बमोजिम निर्माण गरिनेछन् ।
- खानेपानी योजनाहरुको दिगो व्यस्थापन अहिलेको प्रमुख चुनौतिका रुपमा रहेको छ । यो समस्या समाधान गरी उपभोक्ताहरुमा योजनाको अपनत्वको भावना बिकास गरि योजनाको दिगोपना र सुचारुपनको ब्यवस्थापन गर्न पालिकामा खानेपानी सरसफाई तथा स्वच्छता एकाई स्थापना र सम्पर्क ब्यक्तिको व्यवस्थाका साथै नगर भित्रै पानी परिक्षण प्रयोगशाला स्थापना गरि गुणस्तर परिक्षणको व्यवस्था मिलाइने छ ।

- पालिकाले जलउपयोग गुरुयोजना अनुसार प्राथमिकीकरण भएका विद्यमान सबै खाले खानेपानी, सिँचाई तथा बहुउपयोगी लगायतका जलस्रोतसँग सम्बन्धित योजनाहरुको सञ्चालन तथा व्यवस्थापकीय अवस्था अद्यावधिक गरी सबै समितिहरुलाई खानेपानी सरसफाइ तथा स्वच्छता ऐन बमोजिम दर्ता एवम् अद्यावधिक र नवीकरण गर्ने व्यवस्था मिलाई पालिका स्तरमा V-WASH Plan मार्फत खानेपानी सरसफाइ तथा स्वच्छता क्षेत्रको सूचना व्यवस्थापन प्रणाली स्थापना गरिनेछ ।
- पृथ्वी सबै जीबको साझा घर हो, त्यसैले जलाधार क्षेत्र र जैविक विविधताको संरक्षण गर्नु हाम्रो दायित्व हो । यसका लागि जैविक विविधता तथा वातावरण संरक्षण सम्बन्धि आवश्यक नीति तथा कानुनको निर्माण गरी सोहि अनुसार जलाधार क्षेत्रको विकास तथा जैबिक विविधता संरक्षण गर्दै पानीका श्रोतको संरक्षण तथा पुनरभरण अभियान सञ्चालन गरिनेछ ।
- योजनाको दिगोपनाका लागि पानी महसुल संकलन र परिचालन महत्वपुर्ण पक्ष हो, त्यसैले "प्रयोग गरौ खेर गएको पानी, करेसाबारी प्रबर्द्धन गरी बढाऔ आम्दानी" भन्ने नारा तय गरी निजी धारा निर्माण भएका टोलमा एक घर, एक करेसाबारी र कृषि पाठशाला अभियान सञ्चालन गरिने छ ।
- पालिकामा रहेका रुग्ण आयोजनाहरुको पहिचान गरि आवश्यकता अनुसार मर्मत सम्भार गरि पुनः संचालन गरिनेछ ।
- विद्यालय क्षेत्रका वालबालिकालाई स्वच्छ खानेपानी खूवाउने व्यव्स्था मिलाईनेछ ।
- वडा स्तरीय खानेपानी उपभोक्ता समिति गठन गरी वडाका खानेपानी योजनाहरुको दिर्घकालिन सञ्चालनको लागि पहल गरिनेछ ।
- बल्ले खानेपानी निर्माणको लागि डिपिआर बनाउन पहल गरिनेछ ।

## घ) महिला, बालबालिका तथा जेष्ठ नागरिक

- महिला, बालबालिका, दलित, अपाङ्गता भएका व्यक्ति तथा विपन्न समुदायको अधिकार सुनिश्चित गर्दै समावेशी विकासलाई प्राथमिकता दिइनेछ।
- लैङ्गिक हिंसा, घरेलु हिंसा, बालविवाह, छुवाछुत तथा विभेदजन्य प्रथाको अन्त्यका लागि प्रभावकारी कार्यक्रम सञ्चालन गरिनेछ।
- बालकोष तथा लैङ्गिक हिंसा निवारण कोषलाई थप प्रभावकारी बनाइ हिंसापीडित महिला तथा बालबालिकालाई तत्काल राहत, संरक्षण तथा पुनर्स्थापनाको व्यवस्था गरिनेछ।
- दलित बालिका, अपाङ्गता भएका बालबालिका तथा जोखिममा रहेका बालबालिकाको शिक्षा, स्वास्थ्य र संरक्षणमा विशेष प्राथमिकता दिइनेछ।
- बालमैत्री स्थानीय शासन तथा बालअधिकार प्रवर्द्धनका कार्यक्रमलाई संस्थागत गर्न वडा प्रोफाईल र लगानी योजना निर्माण गरिनेछ।
- महिला उद्यमशीलता, स्वरोजगार तथा नेतृत्व विकासलाई प्रोत्साहन गरिनेछ।
- वडा तथा समुदायस्तरमा महिला तथा बालबालिका संरक्षण संयन्त्र सुदृढ गरिनेछ।
- वडा स्तरीय वाल अधिकार समितिहरुको भुमिकालाई सक्रिय बनाई बालबालिकाका समस्याहरुलाई वडस्तरबाट नै समाधानको पहल गरिनेछ ।
- महिला सम्वन्धि स्वास्थ्य समस्या र मानसिक स्वास्थ्य समस्यालाइ मध्यनजर गरि स्वास्थ्य शिविर सञ्चालन गरिनेछ ।
- कुपोषित बालबालिका र हजार दिनका आमाहरुको स्वास्थ्य अवस्थालाई ध्यानमा राखि आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ ।
- अपाङ्गता अधिकार समिति गठन गरी आवश्यकतामा आधारित कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- ज्येष्ठ नागरिकहरुको सम्मान कार्यक्रम तथा अन्तरपुस्ता संवाद कार्यक्रम सञ्चालन गरिनेछ ।

- आर्थिक वर्ष २०८३/०८४ को साउन १ गते देखि अपाङ्गता भएका व्यक्तिहरुको पहिचान गरि परिचयपत्र वितरण सहजताका लागि Disability App मा ईन्ट्री गरि अपाङ्ग परिचय पत्र वितरण गरिने छ ।
- विभिन्न सहयोगी निकायहरुको साझेदारी र बजेट मार्फत महिला, दलित, विपन्न, जनजाती, अपाङ्गता, जेष्ठ नागरिक, यूवा, बालबालिका, किशोर किशोरी, लैंगिक हिंसा र विभेदमा परेका, मानसिकरुपमा विक्षिप्त भएका, पिडित र सिमान्तकृत समुदायहरुको उत्थान र स्थानीय शासनमा पहुँच सुनिश्चित गर्ने, मनोपरामर्श सेवा उपलब्ध गराउने लगायतका कार्यक्रम मार्फत उक्त वर्गको संरक्षण, उपचार तथा, मुलप्रवाहीकरण अभियानहरुलाई निरन्तरता दिईनेछ ।
- बाल दिवस, नारी दिवस, लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान जस्ता दिवसीय कार्यक्रमहरु सञ्चालन गरि मनाइने छ ।

### ङ युवा तथा खेलकुद ः

- गाउँपालिका क्षेत्रभित्रका युवाहरुलाई खेलकुदको क्षेत्रमा क्रियाशील गराउन पालिका स्तरीय रनिङ शिल्ड लगायतका विविध खेलकुद कार्यक्रमहरु बजेट तर्जुमा गरि आयोजना गरिनेछ ।
- गाउँपालिका क्षेत्रभित्रका युवाहरुको सिर्जनशीलता विकासको लागि युवा क्लवहरुलाई क्रियाशील गराउन आवश्यक सहयोग गरिनेछ ।
- विद्यालय तहदेखि नै खेल प्रतिभा प्रस्फुटनको वातावरण निर्माण गर्न विद्यालयलाई खेल सामाग्रीहरुको व्यवस्थापन गरिनेछ । भैरबी गाउँपालिका खेलकुद विकास समितिको सक्रियतामा अध्यक्ष कप लगाएत अन्य खेल प्रतियोगिताहरु सञ्चालन गरिनेछ । प्रादेशिक तथा राष्ट्रिय खेलकुदमा राम्रो स्थान ल्याउने खेलाडिहरुलाई आर्थिक सहयोग सहित पुरस्कृत गरिनेछ । लक्षित वर्गका योजना, कार्यक्रम छनौट प्राथमिकीकरण, कार्यान्वयन तथा अनुगमन लक्षित समुहबाट नै गर्ने परिपाटीको थालनी गरिनेछ ।

## च. सामाजिक सुरक्षा तथा संरक्षणसम्बन्धी नीति

- कठिन भौगोलिक परिस्थिति तथा यातायात सञ्जालिकरणको समस्यका कारण बैंकिङ प्रणाली मार्फत वितरण गर्दै सामाजिक सुरक्षा भत्ता लिनका लागि विशेषत ज्येष्ठ नागरिक तथा अपांगता भएका व्यक्तिहरुलाई हिमालयन बैंकको घुम्ति सेवा कार्यक्रमलाई गाउँपालिकाको आवश्यक समन्वयमा थप व्यवस्थित रुपमा कार्यान्वयमा ल्याइनेछ ।
- ज्येष्ठ नागरिक, अपाङ्गता भएका तथा सामाजिक सुरक्षा भत्ताको सुविधा लिइरहेका व्यक्तिहरुको लगत अद्यावधिक तयार गरी परिचय पत्र वितरणको कार्यलाई व्यवस्थित गर्दै लगिनेछ ।
- सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता सम्बन्धी कार्यहरु सम्बन्धित निकायमा समयमै दर्ता/अद्यावधिक गराउन गाउँपालिका भित्रका टोलटोलमा जनचेतनामूलक कार्यक्रम र घटना दर्ता शिविरहरु सञ्चालन गरिनेछ ।

# ३) पूर्वाधार विकास

## क. पूर्वाधार विकास सम्वन्धी नीतिहरु

१. गाउँपालिका क्षेत्रभित्र निर्माण हुने सडकहरुमा निर्माण गर्न प्रोत्साहित गरिनेछ र निर्माण सम्पन्न सडकलाई पहिलो प्राथमिकतामा राखी स्तरोन्नती गर्ने नीति लिइनेछ ।

२. आगामी ३ वर्ष भित्र अपेक्षित लक्ष्य हासिल गर्न सहयोग पुग्ने गरि गाउँस्तरीय गौरव, वडास्तरीय गौरव र टोलस्तरीय गौरवका योजना र कार्यक्रम तय गरि कार्यान्वयन गर्ने व्यवस्था मिलाइनेछ ।

३. दिगो विकासका लागि नागरिक सहभागिता अभिवृद्धि गर्न प्रत्येक योजनाहरुमा जनश्रमदान तथा लागत सहभागितालाई अनिवार्य लागू गरिनेछ।

४. गाउँपालिकाबाट सञ्चालन हुने पूर्वाधार निर्माणका कार्यक्रमहरुको गुणस्तर कायम गर्न अनुगमन, सुपरिवेक्षण र मूल्याङ्कन कार्य व्यवस्थित गरिनेछ। त्यसैगरी योजनाको अन्तिम भुक्तानी गर्नु पूर्व सार्वजनिक परीक्षण तथा वडास्तरीय योजनामा वडा अनुगमन समिति तथा वडा कार्यालयको सिफारिस र पालिकास्तरीय योजनामा पालिकास्तरीय अनुगमन समितिको सिफारिस विना भुक्तानी गरिने छैन । यसका लागि वडास्तरीय र पालिकास्तरीय अनुगमन समितिलाई अझ सक्रिय वनाईनेछ ।

५. गाउपालिकाबाट भौतिक पूर्वाधार निर्माणका योजना ठेक्का प्रक्रियाबाट सञ्चालन गर्दा बोलपत्र सम्बन्धी खरिद कार्यलाई पारदर्शी, प्रतिस्पर्धात्मक र समान अवसर सृजना गर्न विगत देखि लागू गरिएको इ–विडिङ्ग (E-bidding) बाट खरिद गर्ने नीतिलाई अवलम्वन गरिनेछ ।

६. सानातिना भैपरी आउने पूर्वाधार निर्माण गर्नका लागि कूल पूजींगत बजेटको ३ प्रतिशत कन्टेनजेन्सि तथा विपद व्यवस्थापन कार्यको लागि १ प्रतिशत कट्टि गरीने व्यवस्था मिलाईनेछ ।

७. उपभोक्ता समिति तथा सोझै खरिद प्रक्रिया मार्फत कार्यान्वयन गरिएका योजनाहरुको अन्तिम लेखा परीक्षण गर्दा महालेखा परीक्षकको कार्यालयले परीक्षणका क्रममा औंल्याईएको असुली बेरुजु फरफारक गर्नको योजनाहरुको ५ प्रतिशत धरौटि कट्टी गरी अन्तिम लेखापरीक्षणको प्रतिवेदन प्राप्त भएपछि फुकुवा गर्ने निति लिईनेछ।

८. भौतिक पूर्वाधार विकास तर्फका आयोजनामा विपद जोखिम न्यूनिकरण (DRR) पक्षलाई ध्यान दिइ वातावरणमैत्रि र अन्य मानवीय विकासका कार्यक्रमहरुमा लैङ्गिक समानता तथा सामाजिक पक्षलाई ध्यान दिइ बालमैत्री र अपाङ्गमैत्री बनाइने कुराको सुनिश्चिता गर्दै लगिनेछ।

९. स्थानीय सडक,ग्रामीण सडक र कृषि सडकलाई स्तरोन्नती गरि कृषि उत्पादन वृद्धि गरि वजारीकरणमा जोड दिइने छ ।

१०. कुनै आयोजना तथा कार्यक्रम दोहोरो पर्न गएमा गाउँ कार्यपालिकाको बोर्ड बैठकबाट उक्त आयोजना तथा कार्यक्रमहरुलाई संशोधन गरिने छ।

११. विकास निर्माणको कार्यलाई प्रभावकारी कार्यान्वयन गर्न उपभोक्ता समितिलाई तालिमको व्यवस्था गरिनेछ। वडामै

१२. आर्थिक वर्ष २०८३/८४ मा निर्माण तथा सञ्चालन हुने आयोजना तथा पूर्वाधार विकास सम्बन्धी कार्यमा वडाभित्रकै जनशक्ति एवं रोजगार विहिन श्रमिकहरुलाई प्राथमिकता दिई निर्माण सम्पन्न गर्ने नीति अबलम्बन गरिनेछ ।

१३. रुग्ण अवस्थामा रहेका ठेक्का यथाशिघ्र संचालन गर्न आवश्यक पहल/कदमी चाल्ने निति लिईनेछ ।

१४. विकास निर्माणमा र समयमै काम गर्ने उपभोक्ता समितका पदाधिकारी र निर्माण व्यवसायीलाई लाई उच्च कदर गर्दै सम्मान गरिनेछ ।

१५. प्रत्येक वडा कार्यालयको भवनमा एउटै किसिमको रङ्गरोगन प्रयोग गर्ने नीति अबलम्बन गरिनेछ ।

१६. वडास्तरीय योजनाको उपभोक्ता समितिसंग हुने सम्झौता वडास्तरमै गर्ने व्यवस्था गरिनेछ ।

## ख) बस्ती विकास, आवाश तथा भवन

- अध्यक्षसंग जनता आवास कार्यक्रम अन्तर्गत पालिका क्षेत्र भित्र खरको छाना तथा माटे ढलान भएका घरहरुलाइ सुधार गरि मुण्डा घर मुक्त पालिका घोषणा गरिनेछ ।
- गाउँपालिकाको केन्द्र रहेको भैरीकालिकाथुम, डाँडीमाडी वजार, सिलङ्गी वजार, खम्बागाडे बजार, गाबुगौंडा, पानीपोखरा र पुष्पलाल मध्यपहाडी राजमार्ग आसपास लगायत गाउँपालिका क्षेत्रभित्र बस्ती वढिरहेकोको अन्य उपयुक्त स्थानहरुको पहिचान गरि भविष्यमा बस्ती विकास वढ्दै जाने सम्भावनालाई मध्यनजर गर्दै यस क्षेत्रको योजनाबद्ध विकासको लागि एकीकृत शहरी विकास योजना तयार गरि कार्यान्वयनमा ल्याईनेछ ।
- गाउँपालिका क्षेत्रमा नयां घर निर्माण गर्दा नक्सापास सहित भवन निर्माण सम्बन्धी मापदण्ड २०७२ लाई पूर्ण रुपमा पालना गर्न अभिप्रेरित गरिनेछ ।
- भवन निर्माण कार्यलाई व्यवस्थित गर्न गाउँपालिकाको भवन निर्माण आचारसंहिता बनाई लागु गरिनेछ ।
- गाउँपालिकाको प्रशासकीय भवन र १५ सैयाको अस्पताल भवन निर्माण कार्यलाई द्रुत रुपमा अगाडि वढाईनेछ ।
- भौतिक बिकासलाई आर्थिक विकाससंग जोडदै रोजगारी सृजना गर्ने प्रत्येक्ष जनसमुदाय लाभान्वित हुने र योजनाको प्रकृति हेरी ह्याभि इक्यूपमेन्टको प्रयोग नहुने योजनालाई उपभोक्ता समितिमार्फत संचालन गर्ने र यस्ता उपभोक्ता समिति गाउँपालिकामा दर्ता गर्ने ब्यवस्था मिलाइनेछ ।
- विकास निर्माण गर्दा वातावरणीय पक्षलाई ध्यानमा राखी जैविक विविधता र पर्यावरणमा प्रतिकुल असर नपर्ने गरी गरिनेछ ।
- निर्माण तर्फका पुर्वाधारको गुणस्तर कायम गर्न नियमित अनुगमन प्राविधिक क्षमता विकास थप जनशक्ति ब्यवस्थापन गरिनेछ ।
- निर्माण पुरा हुन नसकेका अधुरा रहेका योजनाहरुको निर्माण सम्पन्न गर्ने र प्रत्यक वडा कार्यालयको भौतिक संरचना स्तरोन्नती गरिनेछ ।

## ग) स्थानीय सडक निर्माण तथा मर्मत

- ग्रामीण सडकहरुको स्तारोन्नती गर्दा अनिवार्य रुपमा नाली निर्माण गर्नुपर्ने नीतिलाई कडाइका साथ कार्यन्वयनमा ल्याईनेछ ।
- विकासको मुख्य आधार, दिगो पूर्वाधार भन्ने अभियानलाई सार्थक बनाउन आगाडी वढाउंदै पूर्वाधार निर्माणमा दिगोपना सुनिश्चित गरिनेछ ।
- ग्रामीण सडकहरुको स्तर निर्धारण तथा मापदण्ड तयार गरी सबै सडकहरुको लगतकट्टा गर्न पहल गरिनेछ ।
- गाउँपालिका केन्द्र देखि वडा कार्यालय सम्म जोड्ने सडकहरुलाई स्तरोन्नती गर्दै लगिनेछ ।

- गाउँपालिका भित्रका सडकहरुलाई मापदण्ड अनुसारको स्तरोन्नतीको कार्यलाई प्रभावकारी बनाईनेछ
- गाउँपालिकाको सडक गुरुयोजना बनाइ सडकको स्तर विभाजन गरी निर्माण कार्यलाई प्राथमिकताका साथ अगाडि बढाईनेछ ।
- हालसम्म ट्र्याक निर्माण भएका वडा स्तरका मुख्य तथा सबै शाखा सडकहरुको स्तरोन्नती गरीदै लगिनेछ ।
- गाउँपालिका भित्रका मुख्य सडकलाई १२ महिना सवारी साधन चल्ने वनाईनेछ र त्यसका लागि बाटो ग्रावेल गर्ने र पटक पटक सरसफाई गर्न आफ्नै क्षमतालाई पुर्ण रुपमा प्रयोग गर्ने नीति लिइएको छ ।
- गाउँपालिका भित्रका सडकहरु भिरखेत शिरस्थान नाभिस्थान जाहरमाडी सडक, वडाकार्यालय चिन्तेमय सडक, चगत्रा डाडीमाडी सडक, सिलङ्गी बालेकाडा भैसिकाटे डाडा चामुण्डा सडक, डाडीमाडी गौनी बहाचौर कुटी सडक, सोल्टीमोड कुटी सडक, पुरिकावारी डाडासरु, कडेनी महाबु सडक, चगत्रा गोरथान गडाज्यूला कृषि सडक, मान्म पानीपफखरा कृषि सडक, पञ्चदेवल टुनीपाटा सडक, काटेछ्डा गडाज्यूला सडक, कालिका वजार कालासामा सडक, दुधापोखरा झारल खर्क सडक, बाँझथला महतारागाउँ , खम्बागाडे काँचापाते सडक, चिन्तेमय शहिदगेट कृषि सडक, कालिका वजार स्याउले चामुण्डा सडक, डाँडीमाडी तिरुवाटोल सडक, डाडीमाडी सैनचौर सडक, गल्लापानी सैनचौर सडक, तोरीमुल कुटी सडक, गावुगौडा मान्म सडक, चगत्रा भुवाटाकुरा सडक, डाँडीमाँडी-व८ कार्यालय- विष्टवाडा गौनी सडक, वाझथला कैन सडक, जलजले गैराखाडी सडक, मडासैन हाडेचौर सडक, घीयितदु-गडाज्यूला- अयरपाटा सडक, र भैरी सुन्नलारुख बुढाना ढुस्का दलितटोल सडक लगायत सम्पूर्ण ग्रामीण सडकहरुलाइ स्तरोन्नी गरिनेछ ।
- भैरबी गाउँपालिका भित्र रहेका महत्वपूर्ण सडकहरुमा सडक मर्मत कार्यकर्ताहरुको व्यबस्थापन गर्न आवश्यक कानुन निर्माण गरी कार्यान्वयनमा ल्याइनेछ ।

## ग) विद्‌युत तथा बैकल्पिक उर्जा

- विद्युत प्रशारणको क्षमता हेरी विद्युत प्रशारण लाईन तथा ट्रान्सफर्मरको क्षमतामा बृद्धिमा पहल गरिनेछ ।
- गाउँपालिकाका विद्युत सेवा नपुगेका बस्तीहरुमा यथाशिघ्र विद्युुत सेवा पुर्याउनका लागि सम्बन्धित निकायहरुमा पहल गरिनेछ ।
- गाउँपालिका क्षेत्रका सार्वजनिक चोक तथा स्थानहरुमा सौर्य बत्ती जडान गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।
- गाउँवासीहरुलाई सौर्यउर्जा उत्पादनलाई प्रोत्साहन गरी उज्यालो गाउँपालिका अभियान सञ्चालन गरिनेछ ।

## ८. सूचना, संचार तथा प्रविधि

- सूचना तथा सञ्चार प्रविधिको अधिकतम प्रयोगमार्फत गाउँपालिकाको सेवा प्रवाहलाई छिटो, सरल, पारदर्शी, उत्तरदायी तथा नागरिकमैत्री बनाइनेछ ।
- गाउँपालिकामा विद्युतीय शासन )E-Governance) प्रणालीलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्दै कार्यालयका प्रशासनिक तथा सेवा सम्बन्धी कार्यहरू क्रमशः डिजिटल प्रणालीमा आधारित बनाइनेछ ।
- गाउँपालिकाको वेबसाइट, सामाजिक सञ्जाल तथा अन्य डिजिटल माध्यममार्फत सार्वजनिक सूचना, योजना, कार्यक्रम, बजेट, निर्णय तथा सूचनाहरू नियमित रूपमा प्रकाशन गरिनेछ ।
- गाउँपालिका कार्यालय, सबै वडा कार्यालय तथा स्वास्थ्य संस्थाहरूमा E-Office, विद्युतीय दर्ता, चलानी र अभिलेख व्यवस्थापन प्रणाली विस्तार गरी सेवा प्रवाहलाई छिटो, पारदर्शी तथा प्रभावकारी बनाइनेछ। साथै कागजरहित कार्यालय )Paperless Office) अवधारणालाई क्रमशः कार्यान्वयन गर्दै डिजिटल सुशासनलाई प्रवर्द्धन गरिनेछ।
- कार्यालयका महत्वपूर्ण डाटा, अभिलेख तथा सूचना प्रणालीहरूको सुरक्षा सुनिश्चित गर्न नियमित ब्याकअप, एन्टिभाइरस, फायरवाल तथा साइबर सुरक्षा सम्बन्धी उपायहरू अपनाइनेछ ।
- सूचना प्रविधि प्रणालीको दीगो तथा प्रभावकारी सञ्चालनका लागि कम्प्युटर, प्रिन्टर, नेटवर्क, CCTV, बायोमेट्रिक, सर्भर तथा अन्य विद्युतीय उपकरणहरूको नियमित मर्मत सम्भार तथा व्यवस्थापन गरिनेछ ।
- कर्मचारी, जनप्रतिनिधि तथा विद्यालयका शिक्षकहरूलाई सूचना प्रविधि सम्बन्धी क्षमता विकास तालिम, साइबर सुरक्षा अभिमुखीकरण तथा डिजिटल साक्षरता कार्यक्रम सञ्चालन गरिनेछ ।
- गाउँपालिकाबाट प्रदान गरिने विभिन्न सेवाहरूलाई क्रमशः अनलाइन प्रणालीमा आबद्ध गरी नागरिकले घरमै बसेर सेवा लिन सक्ने व्यवस्था मिलाइनेछ ।
- नागरिक गुनासो व्यवस्थापनलाई प्रभावकारी बनाउन अनलाइन गुनासो दर्ता प्रणाली तथा डिजिटल नागरिक सहायता प्रणाली सञ्चालन गरिनेछ ।
  सार्वजनिक सेवा प्रवाहमा आधुनिक प्रविधिको प्रयोगलाई प्रोत्साहन गर्दै QR Code, SMS Service, Mobile Notification लगायतका प्रणालीहरू विकास तथा सञ्चालन गरिनेछ ।
- गाउँपालिकाको डिजिटल प्रोफाइल निर्माण गरी विभिन्न शाखाबाट उत्पादित तथ्याङ्क तथा विवरणलाई एकीकृत डिजिटल प्रणालीमा व्यवस्थापन गरिनेछ ।
- सूचना प्रविधिको प्रयोगमार्फत सुशासन, पारदर्शिता तथा भ्रष्टाचार नियन्त्रणमा सहयोग पुग्ने खालका प्रणालीहरू विकास तथा प्रवर्द्धन गरिनेछ ।
- विपद् व्यवस्थापन, स्वास्थ्य, शिक्षा, कृषि तथा अन्य सेवा क्षेत्रसँग सम्बन्धित डिजिटल सूचना प्रणालीहरूको प्रयोग तथा समन्वयलाई प्रभावकारी बनाइनेछ ।
- विद्यालय तथा समुदाय स्तरमा डिजिटल साक्षरता विस्तार गरी सूचना प्रविधिमा नागरिकको पहुँच वृद्धि गर्न विशेष कार्यक्रम सञ्चालन गरिनेछ ।
- गाउँपालिकाका सात वटै वडा कार्यालयहरू, स्वास्थ्य संस्था तथा सामुदायीक विद्यालयमा इन्टरनेट तथा नेटवर्क पहुँच विस्तार गरी एकीकृत सूचना प्रणालीमार्फत सेवा प्रवाहलाई प्रभावकारी बनाइनेछ ।

- सूचना प्रविधि सम्बन्धी समस्या समाधानका लागि Help Desk तथा Technical Support प्रणाली सञ्चालन गरिनेछ ।
- गाउँपालिकाको डिजिटल अभिलेख प्रणाली निर्माण गरी पुराना महत्वपूर्ण कागजात तथा अभिलेखहरूको स्क्यानिङ तथा डिजिटल संरक्षण कार्यलाई निरन्तरता दिइनेछ ।
- सूचना प्रविधि शाखालाई आधुनिक तथा व्यवस्थित बनाउँदै आवश्यक उपकरण तथा पूर्वाधार व्यवस्थापनमा विशेष प्राथमिकता दिइनेछ ।
- गाउँपालिकाका सबै वडाहरुलाई प्रविधिमैत्री बनाउन वडा कार्यालयहरुमा कार्यरत कर्मचारीहरुलाई आवश्यकता अनुसारको क्षमता विकास गरिनेछ ।
- "स्थानीय शासन कार्य सम्पादन मूल्याङ्कनका सूचकहरूमा सुधार ल्याउन अभिमुखिकरण " कार्यक्रमहरू सञ्चालन गरिनेछ, जसले पालिकालाई **उत्कृष्ट पालिका** बनाउने दिशामा सहयोग पुऱ्याउनेछ।
- गाउँपालिकामा जडान भएका **विद्युतिय हाजिरी प्रणाली**मा देखिएको समस्याहरू समाधान गरिनेछ।
- गाउँपालिकामा रहेको **स्थानीय सर्भर**को प्रयोगलाई प्रभावकारी बनाइनेछ, र सबै महत्वपूर्ण दस्तावेजहरू आफ्नै सर्भरमा डिजिटल रूपमा संग्रह गरिनेछ।
- कार्यालय तथा विद्यालयहरूमा प्रयोग हुने **Microsoft Office, Email, Internet, Operating System** लगायतका सामान्य समस्याहरू समाधान गर्न **प्राविधिक सहायता सेवा** स्थापना गरिनेछ।
- सञ्चारको पहुँच नपुगेका वडाहरू तथा सामुदायिक विद्यालयहरूमा **इन्टरनेट सेवा विस्तार**को लागि नेपाल टेलिकम तथा अन्य सेवा प्रदायक संस्थाहरूसँग समन्वय गरी उच्चस्तरीय इन्टरनेट जडानका लागि पहल गरिनेछ।

## ४) वन तथा वातावरण

### क) वन, हरियाली तथा जैविक विविधता

- गाउँपालिका क्षेत्रभित्र रहेको सरकारी तथा सामुदायिक वनको संरक्षण गर्न उपभोक्ता समितिलाई क्रियाशिल वनाईनेछ ।
- गाउँक्षेत्रका सामुदायिक तथा सरकारी वनको संरक्षण गर्दै वृक्षारोपण कार्य अगाडि वढाईनेछ । पालिकाको उपयुक्त स्थानहरुमा वन नर्सरीको स्थापना गरिनेछ ।
- सामुदायिक वनहरुलाइ पालिकाको संग समन्वय गर्नको लागि पहल गरिनेछ ।
- पालिकाका उपयुक्त स्थानहरुमा आवश्यकता अनुसार जडीवुटी विकास कार्यक्रम तथा भूसंरक्षण कार्यक्रम संचालन गरिनेछ ।
- डढेलो लगायत वन विनास प्रति नागरिकलाई सचेच गराई वन संरक्षणमा सबैलाई सहभागिता गराइनेछ ।
- सामुदायिक वन व्यवस्थापन नीतिलाई सहयोग पुग्ने खालका कार्यक्रमहरु कार्यान्वयन गरी सामुदायिक वन उपभोक्ता समुहहरुको क्षमता विकासका कार्यक्रमरुको तर्जुमा गरिनेछ ।
- पहिरो गएको स्थान तथा पहिरोको जोखिम रहेको स्थानमा आवश्यक पूर्वाधार निर्माण गरी क्षती न्यूनीकरण गर्ने उपाय आवलम्बन गरिनेछ ।
- सामुदायिक वन क्षेत्रका उपभोक्ताहरुको भेला गरी उपभोक्ता समितिको गठन तथा क्षमता अभिबृद्धिलाई प्राथमिकता दिई निरन्तरता दिईनेछ ।

- सामुदियक वनहरुमा कबुलियती वन बनाउने नीति तथा कार्यक्रम तर्जुमा गरिनेछ ।
- वनक्षेत्र भित्र रहेका जडीवुटी तथा अन्य प्राकृतिक स्रोतहरुलाइ वातावरणीय प्रभाव नपर्ने गरी व्यवस्थापनका लागि कार्यक्रम तर्जुमा गरिनेछ ।

## ख) भू–संरक्षण, जलाधार व्यबस्थापन

- वृक्षारोपण र तारवार लगाई गाउँपालिका क्षेत्रभित्रका जलाधार संरक्षण गर्ने तथा परम्परागत शैलीका पानी भकारी निर्माणका लागि आवश्यक योजना सञ्चालन गरिनेछ ।
- भिरालो भूवनोटका कारण हुनसक्ने वाढी, पहिरो, भूक्षय जस्ता प्राकृतिक प्रकोपको जोखिम लाई न्यून गर्न दिगो भू-संरक्षण नीति अवबलम्बन गरिनेछ ।

## ग) वातावरण तथा फोहरमैला व्यवस्थापन

- सफा र सुन्दर भैरबी, हराभरा र स्वस्छ भैरबी भन्ने नारासहित वातवरण संरक्षणका विविध कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- फोहोरमैला व्यवस्थापन सम्बन्धि कार्यक्रम सञ्चालन गरिनेछ ।
- प्लाष्टिकजन्य वस्तु वातावरणीय दृष्टीकोणमा हानीकारक हुन भन्ने कुराको चेतना अभिबृद्धि गरी यसको विकल्पमा कपडाजन्य तथा कागजजन्य झोलाहरु प्रयोग गर्न प्रोत्साहन गरिनेछ ।
- घरआँगनबाट निस्कने फोहोरको पहिचान गरी सड्ने गल्ने फोहोरलाई आफ्नै घरवारीको मल खाडलहरुमा व्यवस्थित गर्ने र अन्य नगल्ने फोहोरहरुलाई मोहरमा परिणत गर्न सकिने रणनीति अवलम्बन गरि जनचेतनामुलक कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- पालिकाका मुख्य वजारक्षेत्र भित्र फोहोर संकलनका लागि डस्टविन वितरण गरिनेछ ।

## घ) विपद् जोखिम व्यवस्थापन तथा जलवायु परिवर्तन

- विपद् व्यवस्थापनलाई स्थानीय सरकारको मुख्य जिम्मेवारीको रुपमा लिई विपद् व्यवस्थापन कोषको स्थापना गरिएको छ । कोषको रकम वृद्धि गरि प्रभावकारी काम गर्न विपद् क्षेत्रमा काम गर्ने गैरसकारी संघ संस्थाहरुसंग सहकार्य गरिनेछ ।
- सम्भावित विपद् जोखिम न्यूनीकरणका लागि गाउँपालिकाका सबै वडाहरुमा प्राकृतिक प्रकोप व्यवस्थापन जनचेतना कार्यक्रम सञ्चालन गरिनेछ ।
- विपद् जोखिमबाट वच्नका लागि पूर्व तयारी सचेतना कार्यक्रम सञ्चालन गरिनेछ ।
- सरोकारवला निकायहरुसंगको सहकार्यमा विपद् व्यवस्थापन कार्ययोजना तयार गरि कार्यान्वयन गरिनेछ ।
- गाउँपालिकाका सडक निर्माण लगायतका विकास निर्माण कार्य सञ्चालन गर्दा प्रारम्भिक वातावरणीय परीक्षण (आईइइ) र वातावरणीय प्रभाव मूल्याङ्कन(इआइए) गरी विकासलाई वातावरण मैत्री वनाईनेछ ।
- आकस्मिक रुपमा घटेका प्राकृतिक तथा मानव निर्मित प्रकोपबाट घटनाको सहयोगका लागि विपद् व्यवस्थापन कोषमा आवश्यक रकम विनियोजन गरिनेछ ।
- जलवायु परिवर्तनको असर तथा विविध कारणले पानीका मुहानहरु सुक्दै जाने स्थिती देखिएको सन्दर्भमा परम्परागत कुवा, धारा, पंधेरा जस्ता पानीको श्रोतहरुको विशेष संरक्षण गरिनेछ ।
- जलवायु परिवर्तन अनुकुलन सम्बन्धि विभिन्न कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

- भैरबी गाउँपालिकाको हरेक योजना तथा कार्यक्रमहरुमा वातावरण तथा पर्यावरण र जलवायुमैत्री पूर्वाधार विकासमा जोड दिईनेछ ।
- जलवायु परिवनर्तनको प्रभाववाट पर्ने असरहरु र बच्ने उपायका सम्बन्धमा अभिमुखीकरण कार्यक्रम आयोजना गरिनेछ ।
- ढुङ्गा, गिट्टी, वालुवा जस्ता नदीजन्य पदार्थ र अन्य प्राकृतिक श्रोतहरुको अनाधिकृत एवं अवैज्ञानिक दोहनलाई नियन्त्रण गरिनेछ ।
- जल तथा मौसम विज्ञान विभाग लगायतका निकायहरूसँग समन्वय तथा सहकार्य गर्दै पूर्वसूचना प्रणाली, मौसम पूर्वानुमानमा आधारित पूर्वकार्य तथा समुदायमा आधारित विपद् पूर्वतयारी कार्यक्रमलाई प्रभावकारी रूपमा सञ्चालन गरिनेछ ।
- स्थानीय विपद् व्यवस्थापन कोषलाई सुदृढ बनाई विपद् पूर्वतयारी, खोज तथा उद्धार, राहत, पुनःस्थापना र पुनर्निर्माणसम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ । विपद् व्यवस्थापनमा समुदाय तथा निजी क्षेत्रको सहभागितालाई प्रोत्साहन गरिनेछ ।
- सामुदायिक वनको संरक्षण, संवर्द्धन तथा दिगो व्यवस्थापनलाई प्रभावकारी बनाइनुका साथै सामुदायिक वन उपभोक्ता समूहसँगको सहकार्यमा वृक्षारोपण, जैविक विविधता संरक्षण, वन डढेलो नियन्त्रण तथा हरित विकास कार्यक्रम सञ्चालन गरिनेछ ।
- प्राकृतिक स्रोत तथा खानीजन्य पदार्थ (ढुङ्गा, गिट्टी, बालुवा, दहत्तर-बहत्तर) को उत्खनन, संकलन तथा उपयोगलाई प्रचलित कानुन तथा वातावरणीय मापदण्डअनुसार व्यवस्थित र दिगो बनाई नियमन गरिनेछ ।

## ५) संस्थागत विकास

### क) नीति, कानुन, न्याय तथा सुशासन

- गाउँपालिकाका कार्यहरुलाई पारदर्शी वनाईनेछ । डिजीटल नागरिक वडापत्र, गुनासो सुन्ने प्रभावकारी संयन्त्रको व्यवस्था गरि नागरिकलाई सुशासनको अनुभूती दिलाउने गरी कार्य सञ्चालन गरिनेछ ।
- गाउँपालिकामा सेवा लिन आउने सेवाग्राहीहरुको लागि आवतजावतमा सहज हुने अभिप्रायले नगर बस सेवा सञ्चालन सम्बन्धि आवश्यक कार्यबिधि बनाइ यथाशिघ्र कार्यान्वयनमा ल्याइनेछ ।
- गाउँ प्रहरी कार्यविधी तयार गरी लागु गरिनेछ ।
- गाउँपालिकाद्धारा सञ्चालित योजना तथा कार्यक्रममा जनसहभागिता परिचालनलाई जोड दिईनेछ । योजना सञ्चालनमा अनिवार्य रुपमा स्थानीयका लागत सहभागिता गर्नुपर्ने नीति अबलम्बन गरिनेछ
- उपभोक्ता समिति मार्फत गरिने योजनाहरुको समिति बनाउंदा अनुभवी, कुशल, र स्वस्छ छवी वनाएका समुहको सहभागितामा जोड दिईनेछ। जनश्रमदानको व्यवस्थालाई थप महत्व र भार दिईनेछ ।
- प्रत्येक योजना तथा कार्यक्रममा उपभोक्ताहरुको छुट्टै अनुगमन समिति, प्रत्येक वडामा वडा समिति र गाउँपालिकामा उपाध्यक्षको संयोजकत्वमा गठित अनुगमन समिति गरी तीन तहको अनुगमन संयन्त्रबाट सबै योजना तथा कार्यक्रमहरुको अनुगमनको कार्यलाई थप व्यवस्थित वनाईनेछ ।
- नागरिक वडापत्रको वारेमा सेवाग्राहीहरुलाई सचेत गरिदै लगिनेछ ।

- सूचनाको हक सम्बन्धी कानुन बमोजिम सेवाग्राहीले मागेका विवरणहरु समयमै उपलब्ध गराईनेछ
- गाउँपालिकाबाट संचालित योजना तथा कार्यक्रमहरुको सार्वजनिक सुनुवाई, जनलेखा परिक्षण, सामाजिक परिक्षण जस्ता कार्यहरुलाई नियमित रुपमा गरिनेछ ।
- स्थानीय तहहरुबाट सम्पादन हुने हरेका आयोजना तथा कार्यक्रमहरुको सार्वजनिक परीक्षण, सार्बजनिक सुनुवाई, सामाजिक परिक्षण जस्ता कार्यहरुबाट पारदर्शिता एवम् सुशासन कायम गरिनेछ । गुनासो सुन्ने र समाधान गर्ने परिपाटीको विकास गरिनेछ र विकास कार्यहरुको व्यवस्थित अनुगमन नीति तथा प्रणाली स्थापना गरी कार्यान्वयन गरिनेछ ।
- निर्वाचित पदाधिकारी तथा कर्मचारी प्रशासन संयन्त्रलाई सवल, सक्षम, जवाफदेही, सदाचारी, पारदर्शी र वित्तीय जोखिममुक्त वनाईनेछ ।
- कार्यपालिका सदस्य र गाउँसभाका सदस्यज्यूहरुलाई थप सकृय वनाई सेवा प्रवाहलाई जनमैत्री वनाइनेछ ।
- वडा कार्यालयलाई नागरिकहरुको पहिलो र नजिकको सरकारका रुपमा विकास गरिनेछ ।वडा कार्यालयहरुको भौतिक सुविधा सम्पन्न बनाउंदै लगिनेछ र आवश्यक जनशक्ति व्यवस्थापन गरिनेछ
- गाउँपालिका भित्रका सबै शाखाहरुमा आवश्यकता अनुसार कर्मचारीहरुको व्यवस्था गरी सेवा प्रवाहलाई प्रभावकारी वनाउन आवश्यक पूर्वाधार, ईन्टरनेट प्रणाली, सूचना प्रणालीको विकास गर्दै जनप्रतिनिधि तथा कार्यालयका कर्मचारीहरुलाई क्षमता विकासका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- वित्तीय व्यवस्थापनको जवाफदेहिता र क्षमतामा अभिबृद्धि गर्न लेखाङ्कन प्रणालीलाई चुस्त दुरुस्त र कम्प्यूटराईज्ड गरिनेछ ।
- कार्यक्रम तथा बजेटको आय व्यय विवरण सजिलै देखिने स्थानमा टाँस गर्नुका साथै सार्वजनिक सुनुवाई कार्यक्रम सञ्चालन गरिनेछ ।
- यस गाउँपालिकाबाट हुने सम्पूर्ण कारोवारोहरु ईलेक्ट्रोनिक फण्ड ट्रान्फर सहितको वैङ्किक प्रणाली मार्फत सञ्चालन गर्ने कार्यलाई पूर्ण रुपमा पालना गरिनेछ ।
- सार्वजनिक खरिद प्रणालीलाई प्रतिस्पर्धी, पारदर्शी र गुणस्तरीय बनाउंदै लगिनेछ ।
- समीक्षा, सार्वजनिक सुनुवाई, सामाजिक परिक्षण जस्ता सुशासनलाई प्रवर्द्धन हुने कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- भ्रष्टाचारजन्य क्रियाकलाप प्रति शुन्य सहनशिलताको अवधारण मार्फत सुशासनमा टेवा पुर्‍यानेछ ।
- बेरुजु नियन्त्रण गर्न आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाईनेछ ।
- स्थानीय स्तरमा रहेका देवानी प्रकृतिका विवादहरुलाई स्थानीय स्तरमै निरुपण गर्ने प्रयोजनार्थ न्यायिक समिति र मेलमिलापकर्ताहरुको क्षमता विकासको लागी आवश्कय कार्यक्रम सञ्चालन गरिनेछ ।
- स्थानीय स्तरको विवाद निरुपणमा सामुदायिक मेलमिलापकर्ता व्यवस्थापन गरिने छ र गाउँपालिकामा उपयुक्त स्थानमा सामुदायिक केन्द्र स्थापना गरिनेछ ।
- गरीब असहाय तथा पिछडीएका नागरिकहरुका लागि निःशुल्क कानुनी परामर्श तथा सहयोग उपलब्ध गराईनेछ ।
- पालिकाबाट हालसम्म निर्माण भएका ऐन कानुनहरुलाई स्थानीय कानुन संग्रह प्रकाशन गरिनेछ र पालिकामा एक अभिलेखालयको स्थापना गरिनेछ ।

## ख) संगठन, क्षमता विकास तथा जनशक्ति व्यवस्थापन र सेवाप्रवाह

- स्थानीय सरकार, गणतन्त्रको आधार भन्ने मूल नारालाई यथार्तमा रुपन्तरण गर्न गाउँपालिकाबाट प्रदान गरिने सेवालाई छिटो,छरितो र नागरिकमैत्री बनाईने छ ।
- गाउँपालिकाको प्रशासनलाई अझ वढी स्वच्छ, सक्षम, निष्पक्ष, चुस्त, पारदर्शी,जनउत्तरदायी र सहभागितामुलक बनाउंदै लगिनेछ ।
- भैरबी गाउँकार्यपालिकाको संगठन तथा दरबन्दी व्यवस्थापन तथा पुनरावलालोकन गरिनेछ ।
- करार सेवामा कार्यरत राष्ट्र सेवक कर्मचारीहरुको कार्य सम्पादन र मूल्याङ्कनको आधारमा योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा आवद्ध गराउन आवश्यक बजेटको व्यबस्था गरिनेछ
- करार सेवामा कार्यरत कर्मचारीहरुको कार्यसम्पादन मूल्याङ्कन गरी म्याद थप गर्ने परिपाटीको विकास गरिनेछ ।
- कर्मचारीहरुको कार्यसम्पादनलाई नतिजामा आधारित मूल्याङ्कन गरि दण्ड पुरस्कार प्रणालीको प्रभावकारी कार्यन्वयन गरिनेछ ।
- भ्रष्टाचार, अनियमीतता तथा ढिलासुस्ती प्रति सुन्य सहनशिलताको नीति अवलम्बन गरी संविधान प्रदत्त सूचनाको हक सम्बन्धि कानुनको पूर्ण सम्मान र पालना गर्दै सार्वजनिक पहुंचको अवधारणामा कार्यालय प्रशासन सञ्चालन गरिनेछ ।
- गाउँपालिका भित्रका नागरिकहरुलाई सरकारी सेवामा प्रवेश गराउने अनुरुप लोकसेवा आयोग र शिक्षक सेवा आगोगको तयारी कक्षाका लागि कार्यक्रम सञ्चालन गरिनेछ ।

## ग) राजश्व तथा श्रोत परिचालन

- गाउँपालिकाको आन्तरिक आयलाई वृद्धि गरी गाउँपालिकालाई आर्थिक रुपमा आत्मनिर्भर बनाउन राजश्व सुधार कार्ययोजनाको व्यवहारगत कार्यान्वयन गरी व्यवस्थित रुपमा राजश्व संकलन गर्ने प्रणालीको विकास गरिनेछ ।
- राजश्व व्यवस्थापनलाई प्रवाभकारी, वैज्ञानिक र प्रविधिमैत्री बनाउन अनलाईन प्रणालीबाट मात्र राजश्व संकलन गर्ने प्रणालीको विकास गरिनेछ ।
- गाउँपालिकाको आन्तरिक आयलाई वृद्धि गर्न करको दायरा बढाई गाउँपालिका भित्रका सबै नागरिक, उद्यमी र व्यवसायीलाई करको दायरामा ल्याईनेछ ।
- करदाताको अभिलेख व्यवस्थापन गरि सुदृढ उत्कृष्ट करदातालाई पुरस्कार र सम्मान गरिनेछ ।
- स्थानीय तहको राजश्वको अधिकार सम्बन्धी सम्पूर्ण सरोकारवाला निकाय तथा नागरिकहरुमा कर सम्बन्धी जनचेतनाका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- कर प्रशासनलाई सूचना प्रविधि मैत्री एवं करदाता मैत्री तुल्याउँदै लगिनेछ ।
- गाउँपालिकाद्धारा प्रवाह हुने सेवा तथा राजश्व संकलनमा पारदर्शिता जवाफदेहिता र नागरिकमा सन्तुष्टि कायम हुने गरी कार्यसम्पादन गरिनेछ ।
- गाउँको आन्तरिक आय अभिवृद्धि गर्न आन्तरिक आय सुदृढीकरण कार्य योजना अनुरूप करको दायरालाई बढाउँदै सहभागितामूलक करनीति अवलम्बन गरिनेछ ।
- स्थानीय सरकार सञ्चालनको मूल आधार स्थानीय आय भएकाले गाउँबासी, उद्योग वाणिज्य संघ, स्थानीय विद्यालयसंग सहकार्य गरी कर सचेतना तथा अभिबृद्धि कार्यक्रम मार्फत कर अभियानलाई अघि बढाइनेछ।

**घ) तथ्याङ्क, योजना तथा विकास व्यवस्थापनः**

- गाउँपलिकाको समग्र सूचना संकलन गरी गाउँपालिकाको प्रोफाईल बनाई अद्यावधिक गर्दै लगिनेछ ।
- साविक गाविस हुँदा देखिका अभिलेखहरुलाई कम्प्युटराईज गरी सुरक्षित राख्ने तर्फ पहल गरिनेछ।
- समयमै व्यक्तिगत घटना दर्ता गराउन पालिका र वडास्तर सम्म जनचेतना मूलक कार्यक्रम सञ्चालन गरिने छ।
- सामाजिक सुरक्षा भत्ता वितरण प्रणालीलाई व्यवस्थित गर्न बैङ्किङ प्रणालीलाई थप प्रभावकारी बनाईने छ ।

६. संघीय सरकार र प्रदेश सरकार सँगको समन्वय, सहयोग र सहकार्यलाई अझबढी प्रगाढ बनाइने छ । संविधान प्रदत्त अधिकारको प्रयोग गर्न आवश्यक थप कानून निर्माण गरिनेछ।

७. **प्रभावकारी सेवा प्रवाह र विकास व्यबस्थापनको आधार स्थानीय सरकार** को यथार्थतालाइ महशुस गर्दै गाउँपालिकाले निजी सहकारी गैरसरकारी तथा सामुदायिक क्षेत्रसंग साझेदारी र सहकार्यलाइ निरन्तरता दिइनेछ। गाउँपालिकामा पूर्व स्वीकृत र समन्वय वेगर यसक्षेत्रमा योजना तथा कार्यक्रम सञ्चालनको अनुमति दिईने छैन ।

**अन्त्यमा,**

हाम्रा सामु चुनौतिका चाङमात्र छैनन् संभावनाको फराकिलो आधारहरु पनि छन् । प्राप्त भएको परिवर्तन र उपलब्धीको संरक्षण गर्दै लोकतन्त्र र सुशासनको जगमा शान्त, र समृद्ध समाज निर्माणको जिम्मेवारी हामीमा रहेको छ । प्रस्तुत नीति तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयनले समृद्ध भैरबी निर्माणमा हाम्रो सामुहिक अभियानलाई सार्थक बनाउने विश्वास लिएको छु ।अवको हाम्रो यात्रा विषयक्षेत्रगत एवं वडागत संरचना र इकाइहरुको संस्थागत सुदृढीकरण मार्फत सुशासन तर्फ केन्द्रीत हुन जरुरी छ । उपलब्ध स्रोत, साधनको दक्षतापूर्ण, मितव्ययी र प्रभावकारी परिचालनवाट गाउँपालिकाको साझा सोच, लक्ष्य र गन्तव्य हासिल गर्न सकिन्छ। यस नीति तथा कार्यक्रममा सबै सरोकारवाला पक्षवाट पूर्ण सहयोग मिल्ने आशा, भरोसा र विश्वास लिएको छु । भैरवी गाउँपालिकाको समग्र विकासमा योगदान गर्नुहुने राजनीतिक दल, जनप्रतिनिधि, राष्ट्रसेवक कर्मचारी, श्रमिक, किसान, नागरिक समाज, सञ्चार जगत, नीजि क्षेत्र, सहकारी संस्थाहरु, गैरसरकारी र सामुदायिक क्षेत्र लगायत सबै सरोकारवालाहरुमा हार्दिक धन्यवाद ज्ञापन गर्दछु, भैरबी गाउँपालिकाको १९औं गाउँसभाको बन्द शत्र मिति २०८३ साल असार १९ गते शुक्रबारका दिन हुने जानकारी गराउंदछु साथै यस गरिमामय गाउँसभामा उपस्थित भै महत्वपुर्ण सुझावहरु प्रदान गर्नुहुने प्रमुख अतिथी विशेष अतिथी लगायत सम्पूर्ण अतिथीज्युहरुमा हार्दिक आभार व्यक्त गर्दछु ।

धन्यवाद ।

**रिता कुमारी शाही**
**अध्यक्ष भैरवी गाउँपलिका दैलेख**